सवारीसाधन व्यवस्थापनका लागि अनुरोध
- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दूरीका बसहरू गोंगबुस्थित नयाँ बसपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्णरूपले पालना गरौं।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रीवाहक सवारीसाधन रोक्ने, यात्री चढ्ने र ओर्लने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratеekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratеekdaily .com

❖ वर्ष ३७ ❖ २०८० फागुन १६ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 28 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८०

## आलु, प्याज व्यवसायीद्वारा मूअक हटाउन माग

प्रस, परवानीपुर, १५ फागुन/

वीरगंज उद्योग वाणिज्य सङ्घले मङ्गलवार पत्रकार सम्मेलन गरेको छ। आलु, प्याज व्यवसायीहरूको समस्या समाधानको लागि सङ्घको सभाहलमा पत्रकार सम्मेलन गरिएको थियो।

आलु, प्याज व्यवसायीसँगै अन्य व्यवसायीहरूको सहभागिता रहेको पत्रकार सम्मेलनमा व्यवसायीहरूले हरेक नेपालीको भान्सासँग प्रत्यक्ष सरोकार राख्ने आलु र प्याजमा सरकारले मूल्य अभिवृद्धि कर लगाउँदा सबै नेपाली आर्थिक मन्दीको बेलामा पनि आक्रान्त बनेको बताए। उनीहरूले नेपालमा उत्पादन हुने आलु नेपालीलाई चार महीना मात्र पुग्ने भएकोले आलु आयातमा नेपाल सरकारले अनुदान र सुविधा दिनुपर्ने ठाउँमा मूअकर लगाएर थप महँगो बनाएको र त्यसको आर्थिक भार नेपालीमाथि परेको बताएका थिए।


तस्वीर: प्रतीक

आलु, प्याजमा लगाइएको मूअकर हटाउनुपर्ने माग गर्दै व्यवसायीहरूले आलु, प्याज वैध बाटोबाट आयात गर्ने व्यवसायीहरू तस्करीबाट भित्र्याएको आलु, प्याजसँग प्रतिस्पर्धा गर्न नसक्दा घाटा बेहोरिरहेको बताएका थिए। मूअकर हटाएर आलु, प्याज व्यवसायलाई सहज बनाउन उनीहरूले माग गरेका थिए।

आलु, प्याजमा मूअकर लागेपछि अहिले तरकारीको मूल्य पोहोर, परारभन्दा बढेको छ भने साइकल, मोटरसाइकल, अटो, जीप, भ्यानलगायत साधनबाट विभिन्न नाका हुँदै भारतीय आलु, प्याज ओसारपोसार हुने गरेको छ। यसले गर्दा सरकारलाई मासिक करोडौं रुपैयाँ राजस्व घाटा लागिरहेको छ भने प्रहरीको लागि सीमानाकामा नजराना उठाउन अवसर सिर्जना भएको छ।

आलु, प्याज आयातमा नौ प्रतिशत भन्सार महसूल र १३ प्रतिशत मूअकर गरी २२ प्रतिशत कर बढ्दा तस्करीको आलु, प्याजसँग वैध नाकाबाट भित्र्याइएको आलु, प्याजले प्रतिस्पर्धा गर्न सकेको छैन। तस्करीको आलु प्रतिकिलो रु २५ मा बिक्री भइरहेको छ भने आयातित आलु प्रतिकिलो भारु १८ मूल्य तोकेर नौ प्रतिशत भन्सार महसूल र १३ प्रतिशत मूअकर तिरेर ल्याउनुपर्दा महँगो भएको छ।

त्यसैगरी, प्याज पनि भन्सार नाकाबाट भित्र्याउँदा महँगो परेको छ। आलु, प्याजको भाउ महीनैपिच्छे थपघट भइरहँदा पनि नेपाल सरकारले भन्सार महसूल लामो समयसम्म एउटै दरमा राख्ने गर्दा व्यवसायीहरू मर्कामा परेका छन्।

सङ्घका उपाध्यक्ष माधव राजपालको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा आलु, प्याज व्यवसायी मुन्ना रायलगायतको सहभागिता थियो।

## प्रोबायोटेक उद्योगमा मजदूरद्वारा धर्ना

प्रस, परवानीपुर, १५ फागुन/

वीरगंज-२१ लिपनीबिर्तास्थित प्रोबायोटिक इन्डस्ट्रिज प्रालिका मजदूरहरू आन्दोलित भएका छन्। अखिल नेपाल औद्योगिक मजदूर सङ्घमा आबद्ध मजदूरहरूले फागुन १३ गतेदेखि मूलगेटमा धर्ना दिइरहेका छन्।

छजना स्थायी मजदूरमध्ये दुईजनालाई अवकाश दिइएको, दुईजनालाई पर्सागढीको युनिटमा र दुईजना इटहरीको उद्योगमा सरुवा गरिएको छ। चारजना मजदूरको सरुवा कारबाई फिर्ता गर्नुपर्ने र अवकाश दिइएका दुईजनालाई पुनर्बहालीको माग गर्दै मजदूरहरूले उद्योगको मूलगेटमा ब्यानर लगाएर धर्ना दिइरहेका छन्।

उद्योगका प्रमुख कार्यकारी निर्देशक ओमप्रकाश बैठा मूलगेटमा गई ब्यानर खोस्न खोज्दा मजदूर र व्यवस्थापन पक्षबीच झडप भएको थियो। सोही झडपमा परी अखिल नेपाल औद्योगिक मजदूर सङ्घ, पर्साका पूर्वअध्यक्ष उमेश पटेल घाइते भएका छन् भने उद्योगका सुरक्षा गार्ड सञ्जय पटेलको खुट्टामा चोट लागेको छ। हाल मजदूरहरू बिहान ६ देखि साँझ ६ बजेसम्म धर्ना दिइरहेका र आन्दोलनको स्वरूप कडा पार्दै लैजाने माओवादीनिकट अखिल नेपाल ट्रेड युनियन, पर्साका इन्चार्ज गजाधर पटेलले बताए।



तस्वीर: प्रतीक

विगत आठ वर्षदेखि मजदूर एवं मजदूर युनियनले व्यवस्थापन पक्षसमक्ष कुनै पनि मागदाबी पेश नगरेकाले मजदूरहरू शोषणमा पर्दै गएको इन्चार्ज पटेलले बताए। शोषणबाट जोगिन २० जना मजदूर मिलेर माओवादीनिकट अखिल नेपाल मजदूर सङ्घ गठन गरेर श्रम कार्यालयमा ट्रेड युनियन दर्ता गरेको थाहा पाएपछि व्यवस्थापन पक्षले कारबाईस्वरूप दुईजनालाई अवकाश र चारजनालाई सरुवा गरेको थियो।

यस सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत बैठाले गाउँका केही नेताहरूको उक्साहटमा ट्रेड युनियन खोलेर उद्योगलाई प्रभावित पार्न खोजेको आरोप लगाए। उनले आर्थिक मन्दीको कारण मजदूरको सङ्ख्यामा कटौती गर्नुपरेको र केहीको व्यवहार सुधार्न सरुवा गरिएको बताए।

## पर्साका पालिकाहरूमा अख्तियारको अनुगमन



धर्मेन्द्र चौरसिया, पोखरिया, १५ फागुन/

अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौंडाको टोलीले गत आइतवारदेखि पर्सा जिल्लाका पालिकाहरूमा अनुसन्धान शुरू गरेको छ। अख्तियारको पाँचजनाको टोलीले पोखरिया नगरपालिका, पकाहामैनपुर र कालिकामाई गाउँपालिकालगायतमा अनुसन्धान गरेको थाहा हुन आएको छ।

अख्तियारको टोलीले पालिकाहरूको सामाजिक विकास शाखाबाट दिइने तालीमहरूबारेमा उजूरी परेपछि सो विषयमा अनुसन्धान गरिरहेको बुझिन आएको छ। अख्तियारको टोलीले सामाजिक विकास शाखाबाट गत वर्ष ब्युटिपार्लर, कुशन, सरसफाइलगायतका विषयमा दिएको तालीममा भएका खर्चबारे अनुसन्धान गरिरहेको छ।

उजूरीकर्ताले कतिपय तालीम सम्पन्न नगरेको र कतिपय तालीममा उद्देश्यपरकरूपमा काम नभएको तथा जथाभावी भुक्तानी गरिएको आरोपसहित अख्तियारमा उजूरी गरेपछि टोलीले आइतवारदेखि यस विषयमा अनुसन्धान शुरू गरेको हो।

पालिकामा यस विषयमा गत वर्ष गरिएका भुक्तानीको बिल भरपाई, तालीम लिएकाहरूसँग सोधपूछ र तालीम भए/नभएको बारेमा पनि अनुसन्धान गरिरहेको छ।

## दुई महिलासहित ६० जनाद्वारा रक्तदान



तस्वीरः प्रतीक

प्रस, वीरगंज, १५ फागुन/

बाराको कोल्हवीस्थित तामागढी बचत तथा ऋण सहकारी संस्थाले स्थापना दिवसको अवसरमा मङ्गलवार आयोजना गरेको रक्तदान कार्यक्रममा छजना महिलासहित ६० जनाले रक्तदान गरेका छन्।

कार्यक्रममा लक्ष्मी दवाडी, अर्चना चौधरी, चञ्चल चौधरी, टीना सुवेदी, उमा थापामगर, देवेन्द्र चौधरी, राकेश साह, रामविश्वास चौधरी, डा रामसागर साह, मैसुद्दीन अन्सारी, दीपक रौनियार, युवराज खनाल, सुनील मुखिया बिन, ताराप्रसाद पोखरेललगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए।

## मजदूरको मृत्यु, अस्पतालमा होहल्ला

प्रस, परवानीपुर, १५ फागुन/

जीतपुरसिमरा उपमहानगरपालिका-९ छातापिपरास्थित त्रिवेणी स्पिनिङ प्रालिका एकजना मजदूरको मङ्गलवार बिहान मृत्यु भएको छ।

मृत्यु हुनेमा पर्साको कालिकामाई गाउँपालिका-३, हरिहरपुर बस्ने ४० वर्षीय हरिशङ्करप्रसाद कुर्मी रहेका छन्। १५ वर्षदेखि कार्यरत स्थायी मजदूर कुर्मी काम गरी निस्किने बेलामा उनको हृदयघात भएपछि गण्डकस्थित वीरगंज हेल्थकेयर अस्पतालमा ल्याउँदा अस्पतालले उनलाई मृत घोषित गरेको थियो। त्यसपछि प्रहरीले मुचुल्का उठाइ शल्यपरीक्षणको लागि नारायणी अस्पताल लैजान खोज्दा मजदूर नेताहरूले जबसम्म क्षतिपूर्ति पाइँदैन, तबसम्म शवको शल्यपरीक्षण हुँदैन भन्दै विरोध जनाएका थिए। जसको कारण केही बेर अस्पतालमा होहल्ला भएको थियो।


तस्वीरः प्रतीक

त्यसपछि उद्योग व्यवस्थापन र मजदूर पक्षबीच वार्ताबाट क्षतिपूर्ति दिने विषयमा सहमति भएपछि शल्यपरीक्षण गरी सदगतको लागि शव परिवारको जिम्मा लगाइएको पर्सा प्रहरीले जनाएको छ।

उद्योगका प्रशासन प्रमुख राजेश पटेलले मृतक परिवारलाई सामाजिक सुरक्षा कोषको नियम अनुसारका सुविधाका साथै उद्योगको तर्फबाट साढे पाँच लाख रुपैयाँ क्षतिपूर्ति दिने सहमति भएको बताए।

## जन्तीमा गएका दुई युवकको दुर्घटनामा मृत्यु

प्रस, परवानीपुर, १५ फागुन/

रौतहटका दुईजना युवकको गएराति सवारी दुर्घटनामा परी मृत्यु भएको छ। मृत्यु हुनेमा रौतहट, माधवनारायण नगरपालिका-८ बस्ने २० वर्षीय अजय महतो र वडा नं ६ बस्ने २४ वर्षीय सियानन्द महतोको उपचारको क्रममा गएराति १२ बजे वीरगंज हेल्थकेयरमा निधन भएको हो।

रौतहटबाट मोटरसाइकलमा सर्लाही गइरहेका बेला भारतीय नम्बरको स्कार्पियोले ठक्कर दिएर भागेको थियो। पर्सा प्रहरीका अनुसार दुर्घटनापछि सर्लाहीको मलङ्गवास्थित सरकारी अस्पतालमा प्रारम्भिक उपचारपछि वीरगंज हेल्थकेयर अस्पतालमा ल्याइएको थियो। आकस्मिक उपचार भइरहेको केही बेरमैं दुवैजना युवकको निधन भएको थियो।

आज बिहान दुवै मृतकका परिवार आएर घटनाप्रति दुःख व्यक्त गरेका थिए।


तस्वीरः प्रतीक

पर्सा प्रहरीले मुचुल्का उठाइ नारायणी अस्पतालमा शल्यपरीक्षण गरी सदगतको लागि परिवारको जिम्मा लगाएको छ। फरार भएको भारतीय स्कार्पियो खोजबिन गर्न रौतहट प्रहरीलाई दुवै मृतकका परिवारजनले आग्रह गरेका छन्।

विचारसार र सूक्तिहरू

**हामीले प्रत्येक सम्बन्धलाई समय दिनुपर्छ । के थाहा भोलि समय होस् तर सम्बन्ध कसैसँग नरहोस् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२

email: prateekdaily@gmail .com, prateekdainik@yahoo .com
Website: www.eprateekdaily.com


# नेशनलको विवाद उहिले र अहिले

**नेशनल मेडिकल कलेज स्थापनाकालदेखि नै विवादमा पर्दै आएको हो । पूर्वप्रधानमन्त्री स्व कृष्णप्रसाद भट्टराईको कार्यकालमा मुस्लिम वेलफेयर सोसाइटीको नाममा मेडिकल कलेजको स्वीकृति प्रदान गरिएको थियो । मुस्लिम वेलफेयर सोसाइटीले नेशनल मेडिकल कलेजको नामबाट शिक्षण अस्पतालको सञ्चालन शुरू गरेको र सोको अध्यक्ष डा जैनुद्दीन अन्सारीलाई बनाएको थियो भने प्रबन्ध निर्देशक निजका भाइ बसरुद्दीन अन्सारी थिए । पछि सोसाइटीलाई धोका दिँदै अन्सारी दाजुभाइले सो कलेजलाई निजी पेवा बनाएका थिए । तत्कालीन अवस्थामा मुस्लिम वेलफेयर सोसाइटीले यो विषयलाई अदालतसम्म पुर्‍याएको थियो । तर अदालतबाट जैनुद्दीन अन्सारीको पक्षमा फैसला भयो र अहिलेसम्म सोही अनुसार सञ्चालनमा आएको हो । २०५६ सालमा स्थापित नेशनल मेडिकल कलेजको २४ वर्षसम्म डा जैनुद्दीन अन्सारी अध्यक्ष रहे भने प्रबन्ध निर्देशकमा उनका भाइ बसरुद्दीन अन्सारी रहे । स्थापनाकालमा यो मेडिकल कलेज स्वामित्वलगायत विवादमा परिरह्यो । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिने विषयमा पनि विवाद भएको थियो । शुरूमा कलेजसँग बिरामी अभाव थियो । नक्कली बिरामीहरू राखेर त्रिविविको अनुगमन टोलीलाई प्रभावित पार्ने काम पनि भएको थियो । कलेजमा हुने जायज, नाजायज सबै कार्यमा अध्यक्ष डा अन्सारीका भाइ प्रबन्ध निर्देशक बसरुद्दीनको प्रत्यक्ष, अप्रत्यक्ष भूमिका रहँदै आएको थियो ।**

**राजनीतिक ओतमा सत्ता परिवर्तनसँगै सहभागिता जनाउँदै आएका बसरुद्दीन पछिल्लो समयमा राजनीतिकरूपमा कलेजबाट प्रदान हुने चन्दा, सहयोग नियन्त्रणका लागि प्रत्यक्षरूपमा राजनीतिक आस्थावान् पनि बने र अहिले एमालेसँग आबद्ध छन् । विगतमा अन्यलाई जालझेल, छलकपट गरेका उनी दाजुबाट धोखा भएको भनी रोदन गरिरहेका छन् । दाजुले कलेजमा अंश नदिएको, आफ्ना छोराछोरी, ससुरालीलाई कलेजमा हाबी गराएर आफूलाई पदमुक्त गरेको आरोप लगाएका छन् । उनको रोदन सामाजिक हिसाबले ठीक, बेठीक जे भएपनि अहिले कागजीरूपमा भने अध्यक्ष डा जैनुद्दीन अन्सारी बलिया छन् । नेपालीमा उखान छ– लिखतमको अगाडि बकतम काम लाग्दैन अर्थात् लिखतले कानूनी मान्य राख्छ र भनाइले राख्दैन । नेशनल मेडिकल कलेजका पूर्वप्रबन्धक बसरुद्दीन अन्सारीले यो कुरा बुझेकाले उनी कानूनीरूपले अगाडि बढेका छैनन् र सिर्जित विवादलाई घरका चारजना दाजुभाइ बसेर मिलाउनुपर्ने कुरामा जोड दिइरहेका छन् । कलेजमा डा जैनुद्दीनको ९० प्रतिशत शेयर छ, त्यसमा उनले छोराछोरीहरूलाई आधा शेयर बाँडफाँड गरेर आधा शेयर राखेका छन् ।**

**दाजुभाइ मात्र भएको सञ्चालक समिति परिवर्तन गरेर भाइलाई पदमुक्त गरी छोराछोरीलाई राखेका छन् । रजिस्ट्रारको कार्यालयबाट यसको अनुमोदन गरेर कानूनी आधार आफ्नो हकमा पारेका छन् । यथावस्थामा भाइ बसरुद्दीनको १० प्रतिशत शेयर दाबीबाहेक कुनै हैसियत रहने अवस्था बाँकी छाडेका छैनन् । त्यसैले बसरुद्दीन कानूनीरूपमा परास्त भएका छन् तर उनले अहिलेसम्म आफ्नो अधिकार कायम रहेको जनाउन कार्यकक्षमा डेरा जमाएर बसेका छन् । विभिन्न समस्या सिर्जना गरेर विवाद चर्काउने र दाजुलाई थर्काउन कुनै कसर बाँकी राखेका छैनन् । प्राय:जसो सबैका घरमा हुने यस विवादमा झगडा घरबाहिर आएकोले यसमा सबैको चियोचासो बढेको हो ।**

# आफ्नै दलबारे आफ्नो चर्चा

स्वतन्त्र विचार



विनोद गुप्ता

**राजनीतिकरूपमा नेपालको तराईलाई अन्नको भण्डार र काङ्ग्रेसको घर भन्ने मान्यताविपरीत ३४ वर्षको प्रजातन्त्रपश्चात् पनि मधेसमा ४० प्रतिशत जमीनमा सिंचाइ सुविधा पुगेको छैन र प्रतिव्यक्ति आय ७५०–८०० डलर मात्र छ ।**

आज चर्चा गरौं देशकै सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेसको । यस दलले यस वर्ष माघ १२ गते आफ्नो स्थापनाको ७७ वर्ष पूरा गरी ७८औं वर्षमा प्रवेश गरेको छ । नेपालमा राणा शासनविरुद्ध अभियान चलिरहँदा भारतमा रहेका नेपाली युवाहरूको प्रयासमा, विसं २००३ साल माघ १२ गतेदेखि १५ गतेसम्म कलकत्ताको भवानीपुरमा एउटा भेला आयोजना गरेर, नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना गर्दै राणा शासनविरुद्ध लागेको आरोपमा जेल जीवन बिताइरहेका प्रजापरिषद्का नेतालाई, सम्मानस्वरूप सभापति चयन गरिएको थियो र विपी कोइराला कार्यवाहक सभापति रहेका थिए । अर्कोतर्फ राणाशासनबाट असन्तुष्ट सुवर्ण शमशेर राणाको अगुवाइमा २००५ साउन १ गते कलकत्तामैं भएको अर्को भेलामा त्यही वर्ष, पुष १५ गते नेपाल प्रजातन्त्र काङ्ग्रेस गठन भएको थियो । यसको सभापति महेन्द्र विक्रम शाह थिए । यसको एक वर्षपछि २००६ साल चैत्र २७, २८ र २९ गते चलेको दुवै दलको संयुक्त महाधिवेशनले एकता कायम गर्दै नेपाली काङ्ग्रेस गठन गरेको थियो । गठनको क्रममा काङ्ग्रेसको उद्देश्य नेपालमा (१) प्रजातन्त्रको स्थापना (२) आर्थिक समानता (३) धार्मिक स्वतन्त्रता र (४) भयबाट मुक्तिलाई आधार मानेर सोही अनुसार काङ्ग्रेसको झन्डामा क्रान्तिबाट प्रजातन्त्रको स्थापना गर्न रातो, त्यसपछि शान्ति स्थापना गर्न सेतो र आर्थिक क्रान्ति गर्न पुनः रातो रङ राखिएको हो ।

पार्टीको झन्डाको चारवटा तारा प्रजातन्त्र, आर्थिक समानता, धार्मिक स्वतन्त्रता र भयबाट मुक्तिलाई प्रतिनिधित्व गर्न राखिएको हो भने प्रत्येक तारामा रहेको पाँचवटा चोसोले महात्मा गाँधीको पञ्चायती राज वा ग्राम स्वराजको प्रतिनिधित्व गर्दछन् । यसैलाई आधार मानेर नेपाली काङ्ग्रेसले र अझै भनौं यसका नेता स्व विपीले चुनाव चिह्न रूख राखेका हुन् । रूख जहाँ एकातर्फ स्वच्छ वातावरणको प्रतिनिधि हो भने अर्कोतर्फ ग्रामीण सभ्यताको प्रतीक हो । नेपाली काङ्ग्रेसको ७७ वर्ष पुरानो यो सोच आधुनिक युगको Think Globaly Act localy सँग ठ्याक्कै मिल्छ ।

नेकाको २०१२ सालमा भएको वीरगंज सम्मेलनबाट आर्थिक स्वतन्त्रतालाई समाजवादको रूपमा ग्रहण गरिएको हो । र नेपालको सन्दर्भमा विपीले समाजवाद भनेको प्रत्येक गरीबको झुपडीमा एउटा दूध दिने गाई हुनु हो भनेर परिभाषित गरे र तदनुरूप २०१५ सालको निर्वाचनमा विजयी भएपछि १५ महीने कार्यकालमैं भूमि सुधार लागू गरे । नेपालको पहिलो पञ्चवर्षीय योजना पनि काङ्ग्रेसकै स्वर्ण शमशेर अर्थमन्त्री रहेका बेला २०१२ मा शुरूआत भएको हो । वनजङ्गलको राष्ट्रियकरण, सहकारी व्यवस्थाको शुभारम्भ तथा जमीनमा रहेको द्वैध स्वामित्व अन्त्य गरी मोहीलाई स्वामित्व दिलाउने नीति ल्याएको हो । आधुनिक शब्दावलीमा नेपाली काङ्ग्रेसको मूल नीति राजनीतिमा सेन्टर टु राइट र अर्थनीतिमा सेन्टर टु लेफ्ट रहेको देखिन्छ ।

आजको अवस्थामा जब नेका ७७ वर्ष पूरा गरी ७८ औं वर्षमा प्रवेश गर्दैछ र भर्खरै महासमिति अधिवेशनलाई नीति अधिवेशनको रूपमा लिंदै तीनवटा महत्त्वपूर्ण प्रस्ताव केन्द्रीय कार्यसमितिमा प्रस्तुत गर्नेगरी ग्रहण गरेको अवस्थामा के काङ्ग्रेस आफ्नो यस मूल नीतिमा आज पनि कायम छ वा छैन भनेर मूल्याङ्कन गर्ने बेला भएको छ । दोस्रोपटक २०४६ सालको जनान्दोलनका कारण २०४८ मा बनेको काङ्ग्रेसको सरकारले २०४० देखि नै आंशिकरूपमा प्रयोगमा ल्याएको उदारीकरणको नीतिलाई पूर्ण आर्थिक उदारवाद उन्मुख अर्थनीति अनुसार उद्योग, आयात, व्यापार र विदेशी मुद्रा मा कायम लाइसेन्स प्रणाली खारेज गर्दै बैंकिङ, सञ्चार, पर्यटन, शिक्षा र स्वास्थ्य क्षेत्रमा निजी लगानी खुला गर्‍यो । यसकै फलस्वरूप सेवा क्षेत्र त अत्यन्त अगाडि बढ्यो तर उद्योग क्षेत्र भने फस्टाउन सकेन, तथापि आधुनिक नेपालको इतिहासमा २०४६–२०५२ लाई आर्थिक पूर्वाधार निर्माणको स्वर्ण युग मान्न सकिन्छ । किनभने उद्योगधन्दा चौपट नै भए पनि सेवा क्षेत्रले देशको अर्थतन्त्रलाई धानेको देखिन्छ ।

२०४९ सालमा कलवलगुडीमा भएको काङ्ग्रेसको महाधिवेशनमा समाजवाद शब्दको व्याख्या उन्नतिको समान अवसर भनेर गरियो र मलाई लाग्दछ यहींबाट नेपाली काङ्ग्रेसको मूल सिद्धान्त राजनीतिमा सेन्टर टु राइट र अर्थनीति सेन्टर टु लेफ्टको सट्टा दुवै नीतिमा सेन्टर टु राइट हुँदै गयो । हुनत २०५२ सालदेखि शुरू भएको माओवादी युद्धपछि २०७२ सालसम्मको नेपालको राजनीति अस्थिर भई तदर्थवादमा चल्यो । तर त्यो भन्दैमा विचलन भएको छैन भन्न सकिंदैन । किनभने २०४९ देखि काङ्ग्रेसको अर्थनीति Small is beautiful अर्थात् हरेक गरीबलाई उत्पादनशील बनाउने अर्थात् उत्पादनमा पूँजीवाद र वितरणमा साम्यवाद उन्मुख भएको देखिन्छ । यो समय सापेक्ष पनि हो । तर उत्पादनमा पूँजीवाद र वितरणमा साम्यवाद भने पनि नेपालमा न उत्पादन नै बढ्यो, न वितरणमा साम्यवाद कायम भयो ।

उद्योगधन्दाहरू खुले तर बजार बनेन । कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान ९५ बाट घटेर आज ५ प्रतिशतमा झरेको छ र वितरणमा सरकारी वा निजी क्षेत्रकै सेवा किन नहोस्, पर्याप्त अनुगमनको अभावमा आर्थिक मन्दीका बावजूद मूल्य वृद्धि रोकिएको छैन । एक अनुमान अनुसार देशको १० प्रतिशतले राष्ट्रिय संसाधनको ६३ प्रतिशत उपभोग गरेका छन् भने बाँकी ९० प्रतिशत जनता ३७ प्रतिशत संसाधनमा आश्रित छ । यसबारे काङ्ग्रेसले ठोस निर्णय लिन सक्नुपर्छ । नलिए मिसन २०८४ मा काङ्ग्रेसले ठूलो दलको पगरी नगुमाए पनि बहुमतमा भने पुग्न सक्ने देखिंदैन । सरकारमा रहेको बेला भ्रष्टाचारीलाई जोगाउनेभन्दा शून्य सहनशीलताको नीति लिनु आवश्यक छ । जुन एकदमै कठिन छ किनभने प्रत्येक नेताको किचेन क्याबिनेट जसको कर्ताधर्ता नवधनाढ्य बन्न पुगेका तिनका कार्यकर्ता छन्, जो प्रत्येक नीतिगत निर्णय राष्ट्रहितभन्दा आफ्नो हितमा गराउन सफल हुँदै गएका छन् ।

अर्धवार्षिक समीक्षामा व्यापार घाटा ६९३.२० अर्ब देखिएको छ, यसमध्ये पूँजीगत वस्तुको आयात ८.७७ प्रतिशत मात्रै छ भने अर्द्धतयारी वस्तु ४९.२ प्रतिशत र पूर्ण तयारीको ४२.१ प्रतिशत रहेको छ । बैंकिङ क्षेत्रको कुरा गर्दा उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह ८ प्रतिशत, कृषि क्षेत्रमा १.१ प्रतिशत थोक एवं खुद्रा व्यापारतर्फ २ प्रतिशत र सेवा क्षेत्रमा ४.५ प्रतिशत मात्रै छ । पूँजीगत शीर्षकको बजेट २२ प्रतिशतभन्दा बढी खर्च हुन सकिरहेको छैन । यो समस्यालाई नेपाली काङ्ग्रेसले कति गम्भीरतापूर्वक लिएको छ र यसको समाधानको के कार्य योजना छ, यसबारे न छापा वा सामाजिक सञ्जालमा समाचार आयो, न अर्थमन्त्रीले नै स्पष्ट पारे । यस्तो अवस्थामा आन्तरिक आर्थिक अवस्थामा सुधार हुँदैछ भन्नुको आधार के ? मनी म्याटर्स । त्यसैले यस्तो गम्भीर विषय जसमा समस्त जनताको चासो छ, छलफल नै नहुनु र भएको भए पनि समाचार नबन्नु अत्यन्त दुःखद पक्ष हो

राजनीतिकरूपमा नेपालको तराईलाई अन्नको भण्डार र काङ्ग्रेसको घर भन्ने मान्यताविपरीत ३४ वर्षको प्रजातन्त्रपश्चात् पनि मधेसमा ४० प्रतिशत जमीनमा सिंचाइ सुविधा पुगेको छैन र प्रतिव्यक्ति आय ७५०–८०० डलर मात्र छ । साक्षरता ६४ प्रतिशत र स्कूल जाने विद्यार्थीहरूको ड्रपआउट रेट पनि सबै प्रदेशभन्दा बढी हुनुका साथै देशलाई चाहिएको सात लाख मेट्रिक टन मलखादमध्ये चार लाख टन मात्रै सरकारले आयात गर्दा वितरणमा असमानता भई, भारतीय बजारबाट ब्लेकमा मलखाद त्यो पनि एक–दुई बोरा भारतको एसएसबीको ज्यादती खेप्दै ल्याउनुपरेको अवस्थामा समेत काङ्ग्रेसको नीति यस्तो समस्याको समाधान गर्न उन्मुख नभएर मधेसको भोट काङ्ग्रेसको झोलामा भन्ने सोच राख्दछ भने त्यो आगामी निर्वाचनमा काङ्ग्रेसको मृगतृष्णा साबित हुनेछ ।

त्यसैगरी चुनाव पूर्व गठबन्धन गर्नु भनेको पनि मतदाताको मौलिक अधिकारको हनन हो र अर्को शब्दमा भन्ने हो भने राजनीतिक कार्टेलाइजेशन हो । त्यसैले काङ्ग्रेसले (१) भ्रष्टाचार नियन्त्रण गर्दै जाने प्रणाली विकसित गर्ने (२) आर्थिक समस्याको वास्तविक पहिचान र सम्बोधनको कार्य योजना एवं मतदाताको मौलिक हकको संरक्षण गर्ने नीति स्वीकार गर्नुको विकल्प छैन । स्वीकार र अस्वीकारबीच मात्रै जीत र हारको अन्तर हुनेछ ।

# तालाबन्दीबीच पूर्वाधार र प्राज्ञिक विकास गर्दै मध्यपश्चिम विश्वविद्यालय

सुर्खेत, १५ फागुन/रासस

तालाबन्दी र आन्तरिक किचलोका बीच मध्यपश्चिम विश्वविद्यालयले पछिल्लो समय पूर्वाधार र प्राज्ञिक विकासमा फड्को मार्दै गएको गएको छ । पाँच वर्षअगाडिभन्दा दोब्बर विद्यार्थी सङ्ख्या वृद्धि गरेको सो केन्द्रीय विश्वविद्यालय मुलुककै एक उत्कृष्ट शैक्षिक संस्थाका रूपमा विकसित हुने बाटोमा अग्रसर देखिएको छ ।

कोभिड–१९ महामारीको असर र विभिन्न आन्दोलनको अवरोधका बावजूद विश्वविद्यालयको नीति नियमन, भौतिक पूर्वाधार विकास, शैक्षिक–प्राज्ञिक उन्नयन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विकास, व्यवस्थापकीय चुस्तता आदि विषयमा छोटो समयमा प्रगति गरेको पाइएको छ ।

सात सङ्काय, ५० कार्यक्रम, २० प्राज्ञिक संस्थान, छ सय शिक्षक–कर्मचारी र १३ हजार विद्यार्थी रहेको १३ वर्षे सो विश्वविद्यालयमा पछिल्लो समयमा कृषि विषयको स्नातक पढाइ हुन थालेपछि विद्यार्थी पढ्दै कमाउँदै अभियानमा जोडिएका छन् । हर्बल उद्योगबाट साबुन, तेललगायत सामान उत्पादन हुन थालेको छ । विश्वविद्यालयले पूँजीगत खर्च शतप्रतिशत गर्न थालेको छ भने पाँच वर्षअगाडि रु ४० करोड ५९ लाखमा रहेको बेरुजू हाल रु तीन करोडमा झारेको छ ।

पाँच वर्षअघि साढे सात हजार विद्यार्थी रहेकामा अहिले १३ हजार पुगेका छन् । विश्वविद्यालयको हालको वार्षिक बजेट रु एक अर्ब २० करोड छ । विश्वविद्यालयले कृषि उद्यमशीलतामा विश्वविद्यालय अनुदान आयोगबाट रु २७ लाखको बजेट प्राप्त गरेको छ भने नौ सय सटरबाट वार्षिक रु २५ करोड आम्दानी गराउने योजना कार्यान्वयनमा ल्याएको छ । पाठ्यक्रममा ७० प्रतिशत विश्वस्तर, १० प्रतिशत राष्ट्रिय र २० प्रतिशत स्थानीयका साथै ४० प्रतिशत सैद्धान्तिक र ६० प्रतिशत व्यावहारिता अपनाइएको छ ।

विश्वविद्यालयले कर्णाली बायोडाइभर्सिटी एन्ड क्लाइमेट चेन्ज ल्याब र मोलिक्युलर एन्ड जिनोमिक ल्याब, एमयू होटेल, हर्बल प्रोसेसिङ युनिट स्थापना गरेको छ भने अनुसन्धान तथा विकास केन्द्र, केन्द्रीय पुस्तकालय, परीक्षा व्यवस्थापन कार्यालय भवन बनाउन शुरू गरेको छ । यस्तै, जैविक तथा जलवायु परिवर्तन प्रयोगशाला, नवप्रवर्तन र उद्यमशीलता केन्द्र स्थपानाजस्ता नवीन कार्यसञ्चालन विश्वविद्यालयको नेतृत्वले गरेको छ । यसबीचमा विभिन्न ३५ विश्वविद्यालय र संस्थासँग सम्झौता भएको छ ।

विडम्बना, विश्वविद्यालय सम्बन्धन, दरबन्दी र जनशक्ति व्यवस्थापनका विषयमा विभिन्न माग राखेर गत असोज १२ गतेदेखि केही प्राध्यापक र विद्यार्थी सङ्गठनबाट पदाधिकारी र विभागीय प्रमुखका कार्यालयमा भएको तालाबन्दी उपकुलपति प्राडा नन्दबहादुर सिंहको कार्यकाल सकिएर बिदाइ लिने समयसम्म पनि खुल्ने स्थिति छैन । उपकुलपति डा सिंहको कार्यकाल यही फागुन १७ गते सकिंदैछ । सुर्खेतको वीरेन्द्रनगरस्थित केन्द्रीय कार्यालयस्थित उपकुलपति कार्यालय, रजिस्ट्रार कार्यालय, ग्राजुएट स्कूलका डीन कार्यालय, निर्देशनालय, सेवा आयोगलगायतमा तालाबन्दी हुँदा दैनिक प्रशासन र सेवा प्रभावित भएको छ । चालू आर्थिक वर्षको दोस्रो चौमासिक निकासा अवरुद्ध हुँदा प्राध्यापक एवं कर्मचारीका तलबभत्तालगायत सम्पूर्ण खर्च निकासामा समस्या आएको छ । तालाबन्दी गर्ने पक्षले राखेका माग विश्वविद्यालयले पूरा गर्न नसक्ने खालका भएको विश्वविद्यालयका पदाधिकारीको भनाइ छ । उपकुलपति सिंहको कार्यकाल सकिने भएकाले उनको सम्मानजनक बिदाइका लागि ताला खोलेर सहयोग गर्न यही फागुन १४ गते रजिस्ट्रार प्राडा नारायणप्रसाद पौडेलले सार्वजनिक आह्वान गरे पनि त्यसको सुनुवाइ भएको देखिएन । यसबीचमा विभिन्न मुद्दा–मामिला पनि विश्वविद्यालयले खेप्दै आएको छ ।

यही फागुन ११ गते सर्वोच्च अदालतको आदेशबाट विश्वविद्यालयले गर्दै आएका सम्बन्धनलगायत कामको निरन्तरता हुन सहजता आएको छ । पाँच महीनादेखि विश्वविद्यालयमा ताला लगाउनेमा प्रजातन्त्रवादी प्राध्यापक सङ्घ, नेपाल राष्ट्रिय प्राध्यापक सङ्गठन, एकीकृत प्रगतिशील प्राध्यापक सङ्गठन, विश्वविद्यालयमा क्रियाशील नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियु (क्रान्तिकारी)लगायतका सङ्गठन छन् ।

विश्वविद्यालयले पटकपटक वार्ता र

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# विश्वविद्यालय थप्ने कि भएकालाई राम्रो बनाउने ?


राजनीतिक हस्तक्षेपले थला परेको त्रिभुवन विश्वविद्यालय। तस्वीरः गूगल

काठमाडौं, १५ फागुन/रासस

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको मङ्गलवारको बैठकमा नयाँ विश्वविद्यालय थप्दै जाने कि भएका विश्वविद्यालयलाई गुणस्तरीय र व्यवस्थित बनाउने भन्नेमा सांसदहरूबीच मतान्तर देखिएको छ।

राष्ट्रियसभामा उत्पत्ति भएको 'नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९' मा प्रतिनिधिसभामा राखिएका संशोधनका विषयमा आजका लागि राखिएको छलफलमा कतिपय सांसदले नयाँ विश्वविद्यालय आवश्यक हो/होइन ? नेपाल विश्वविद्यालय खोल्न सम्भाव्यता अध्ययन भएको छ/छैन ? नयाँ विश्वविद्यालय खोल्दैमा शिक्षाको गुणस्तर बढ्छ ? भन्ने प्रश्न गरेका छन्।

कतिपय सांसदले सरकारले आवश्यकता ठानेर विधेयक ल्याएको र राष्ट्रियसभाबाट प्रतिवेदन प्राप्त भइसकेकाले विधेयक आवश्यक छ या छैन भने प्रश्न गर्नु उचित नभएको तर्क गरे। सांसदहरूले युवालाई नेपालमैं रोजगार दिन सक्ने विश्वविद्यालय मात्रै आवश्यकता रहेकामा जोड दिएका थिए।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई, विज्ञहरू, शिक्षा मन्त्रालय र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रतिनिधि सहभागी बैठकमा विज्ञहरूले नयाँ विश्वविद्यालय खोल्न प्रोत्साहन गर्दा यसले प्रतिस्पर्धा र नयाँपन ल्याउने धारणा राखे।

नेपाल कम्युनिस्ट पार्टी (एमाले)का सांसद रघुजी पन्त र राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सुमना श्रेष्ठले नयाँ विश्वविद्यालय खोल्नुको औचित्य स्पष्ट भएपछि मात्रै विधेयकमाथि छलफल गर्नु वाञ्छनीय हुने बताए। नेपाली काङ्ग्रेसका जीवन परियार र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का देवेन्द्र पौडेलले विधेयक प्रस्तुत भइसकेकाले यसको आवश्यकता हो/होइन भनेर विषयान्तर गर्नु उचित नहुने तर्क गरे।

शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीप र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम जनशक्ति उत्पादन गर्न सो विश्वविद्यालय खोल्न सरकारले प्रस्ताव गरेको हो।

सो विश्वविद्यालयको पूर्वाधार विकास समितिका अध्यक्ष डा अर्जुन कार्कीले अन्तरविधात्मक अवधारणा (लिबरल आर्ट)सँग सम्बन्धित विधामा गैरसरकारी क्षेत्रको सार्वजनिक अध्ययन, अध्ययन तथा अनुसन्धानमार्फत मुलुकको समृद्धिका लागि टेवा दिन यो विश्वविद्यालय सक्षम हुने विश्वास दिलाए।

काठमाडौं विश्वविद्यालयको स्कूल अफ एजुकेशनका डिन प्राडा बालचन्द्र लुइँटेलले कुनै पनि मुलुकको विकास र जनशक्तिको आवश्यकताको मूल्याङ्कनका आधारमा नयाँ विश्वविद्यालय स्थापना हुने बताउँदै विद्यार्थीले खोजेका विषयमा गुणस्तरीय शिक्षा र रोजगार दिन सकेमा विदेश जानेमध्ये ३० प्रतिशत विद्यार्थी टिकाउन सकिने जनाए।

स्वशासित र स्वायत्त हुने सो विश्वविद्यालयमा नेपाल सरकारको आर्थिक दायित्व नपर्ने विधेयकमा उल्लेख छ। विधेयकमा ३६ सांसदले दिएका संशोधनमाथि आगामी बैठकमा छलफल हुने समितिका सभापति भानुभक्त जोशीले जानकारी दिए।

# अस्ट्रेलियामा 'नेपाल लगानी प्रवर्द्धन' कार्यक्रम

काठमाडौं, १५ फागुन/रासस

नेपाल लगानीको उत्कृष्ट गन्तव्य भएकाले निर्धक्क भएर लगानी गर्न उद्यमी–व्यवसायीलाई आह्वान गर्दै अस्ट्रेलियामा 'नेपालमा लगानी प्रवर्द्धन' कार्यक्रम आयोजना गरिएको छ।




आगामी वैशाख १६ र १७ गते आयोजना हुने तेस्रो लगानी सम्मेलनका सन्दर्भमा क्यानबेरास्थित नेपाली दूतावास र गैरआवासीय नेपाली सङ्घले संयुक्तरूपमा आयोजना गरेको उक्त कार्यक्रममा अस्ट्रेलियाका लागि नेपालका राजदूत कैलाशराज पोखरेलले लगानीका लागि नेपाल उष्कृष्ट गन्तव्य हो भने। उनले लगानीमैत्री वातावरण सिर्जना गर्न नेपाल सरकारले नीतिगत सुधार गरेको जानकारी दिंदै सो सम्मेलनमा सहभागी हुन अस्ट्रेलियाली उद्यमी–व्यवसायीलाई आग्रह गरे।

गैरआवासीय नेपाली सङ्घ अस्ट्रेलियाका अध्यक्ष अनिल पोखरेलले नेपालमा लगानीका लागि आफूहरू तयार रहेको बताए। उनले लगानीको प्रतिफल विनाझन्झट स्वदेश फिर्ता गर्न थप नीतिगत सुधार गर्नुपर्ने सुझाव दिए।

दूतावासका प्रथम सचिव भोगेन्द्र लिङ्देनले लगानी सम्मेलनका विविध पक्षबारे जानकारी दिंदै नेपालमा लगानीको समग्र नीति, कार्यविधि र संरचनागत व्यवस्थासम्बन्धी प्रस्तुति दिएका थिए। उनले लगानी बोर्डले अध्ययन गरिरहेका केही सम्भावित परियोजनाका बारेमा जानकारी पनि गराए।

साउदर्न एकेडेमी समूहका प्रमुख कार्यकारी अधिकृत मन केसीले एनआरएनका तर्फबाट नेपालमा लगानीका सम्भाव्य विकल्पका बारेमा उल्लेख गरेका थिए।


**ह्वीलचियरमा सहभागी विकलाङ्गः** गोरखा ग्रुप दाङको आयोजनामा दुवै खुट्टा नचले पनि विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका विश्व कीर्तिमानी हरि बुढामगरको घोराहीमा गरिएको नागरिक अभिनन्दन कार्यक्रममा ह्वीलचियरमा सहभागी विकलाङ्गहरू। तस्विर : कुलदीप न्यौपाने/रासस

# सूचना प्रविधि क्षेत्रका परियोजना तयार गर्न मन्त्री शर्माको आग्रह

काठमाडौं, १५ फागुन/रासस

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले आगामी वैशाखमा हुने भनिएको लगानी सम्मेलनका लागि सूचना प्रविधि क्षेत्रका परियोजनामा तयारी गर्न निजी क्षेत्रलाई आग्रह गरेकी छन्।

नेपाल उद्योग परिसङ्घको सूचना प्रविधि परिषद्, अमेरिकन चेम्बर अफ कमर्स नेपाल र नेपाल एशोसिएशन फर सफ्टवेयर एन्ड आइटी सर्भिसेज कम्पनीका पदाधिकारीसँग मङ्गलवार भएको भेटमा उनले यस्तो आग्रह गरेकी हुन्।

लगानी सम्मेलनमा अन्य क्षेत्रको जस्तै सूचना प्रविधि क्षेत्रको लगानी प्रस्तुत गर्न आवश्यक रहेकाले आवश्यक परियोजना भए लिएर आउन आग्रह गर्दै मन्त्री शर्माले सूचना प्रविधि क्षेत्रमा परियोजना बैंक बनाउनुपर्ने बताइन्। उनले सरकारको नीति तथा कार्यक्रम र बजेटका सवालमा पनि सूचना प्रविधिमा के गर्न सकिन्छ सरकारलाई लिखित सुझाव दिन निजी क्षेत्रलाई आग्रह गरिन्।

डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरेदेखि नै डिजिटल रूपान्तरणलाई रणनीतिको रूपमा राखिए पनि नेपालमा सूचना प्रविधिमा साझा दृष्टिकोण नै बन्न नसकेकाले यसमा आवश्यक लगानीको वातावरण नबनेको उल्लेख गर्दै मन्त्री शर्माले सरकारी, निजी क्षेत्र र जनस्तर सबैतिर सूचना प्रविधिप्रतिको साझा बुझाइ आवश्यक रहेको बताइन्।




"अब सूचना प्रविधि क्षेत्रमा लगानीकर्ता र जनशक्तिको पहिचान गर्न ढिलाइ गर्नुहुँदैन," उनले भनिन्, "डिजिटल रूपान्तरणको माध्यमबाट मुलुकको समृद्धि कायम गर्न निजी क्षेत्रले सहयोग गर्न आवश्यक छ।" निजी क्षेत्रले लगानी गर्दा आफ्नो मुनाफा हेर्नु स्वाभाविक भएपनि अर्थतन्त्र चलायमान बनाउने र रोजगार सिर्जना गर्नेतिर बढी ध्यान केन्द्रित गर्न आवश्यक रहेको उनले स्पष्ट गरिन्। सरकार सूचना प्रविधि र साइबर सुरक्षालगायतका आवश्यक कानून निर्माणको प्रक्रियामा रहेको पनि उनले जानकारी दिइन्।

छलफलमा नेपाल उद्योग परिसङ्घको सूचना प्रविधि परिषद्, अमेरिकन चेम्बर अफ कमर्स नेपाल र नेपाल एशोसिएशन फर सफ्टवेयर एन्ड आइटी सर्भिसेज कम्पनीका पदाधिकारीहरूले नेपालमा ठूला लगानीकर्ताले सूचना प्रविधि क्षेत्रमा लगानी गर्ने वातावरण बनाउनुपर्ने बताएका थिए।

नेपालमा सूचना प्रविधिको राम्रो सम्भावना भएकाले सरकारले कानून र पूर्वाधार निर्माणमा ध्यान दिनुपर्ने उल्लेख गर्दै उनीहरूले निजी क्षेत्र सहकार्य गर्न तयार रहेको बताएका थिए। पछिल्लो समय सरकारले सूचना प्रविधि क्षेत्रमा राम्रो पहल अघि बढाए पनि सूचना प्रविधि, स्टार्टअपलगायतका क्षेत्रमा सरकारी निकायबीच नै साझा बुझाइ आवश्यक रहेको बताए।

# नेप्से परिसूचकको उकालो यात्रा जारी

काठमाडौं, १५ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोशार मापक नेप्से परिसूचक मङ्गलवार पनि उकालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक नौ दशमलव ३४ अङ्कले उकालो लागेर दुई हजार एक दशमलव ६४ मा पुगेको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव ११ अङ्कले उकालो लागेर ३५७ दशमलव शून्य नौमा पुगेको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये छ उपसमूहका शेयर मूल्यमा गिरावट आउँदा सात उपसमूहका शेयर मूल्य भने उकालो लागेका छन्।

कुल ५२ लाख ३९ हजार ४१६ कित्ता शेयर रु एक अर्ब ८६ करोड ९८ लाख १३ हजार ५२६ मूल्यमा खरीद–बिक्री भएका छन्। कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा छ। सो कम्पनीको रु १४ करोड १९ लाख ६२ हजार ६९० बराबरको कारोबार भयो।

शिवम् सिमेन्ट रु आठ करोड २९ लाख ८२ हजार ६६८, हिमालयन रिइन्स्योरेन्स रु छ करोड ४० लाख २६ हजार ९३९, घोराही सिमेन्ट रु पाँच करोड चार लाख ९० हजार २६९ र हिमालयन डिस्टिलरी रु तीन करोड ५८ लाख ६८ हजार ९६४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार बोटलर्स नेपाल बालाजु र बिपिडब्ल्यू लघुवित्तको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सामलिङ पावर कम्पनी नौ दशमलव २६, बोटलर्स नेपाल तराई आठ दशमलव ७२ र गुराँस लघुवित्तका शेयरधनीले आठ प्रतिशतले कमाएका छन्।

त्यस्तै, चिर्खवा हाइड्रोपावर पाँच दशमलव शून्य छ, कालिञ्चोक दर्शन चार दशमलव ३०, ज्योति विकास बैंकको ऋणपत्र तीन दशमलव ६२, मैलुङ हाइड्रोपावर तीन दशमलव ५३ र खानीखोला हाइड्रोपावरका लगानीकर्ताले तीन दशमलव १४ प्रतिशतले गुमाएका छन्।

# साउनयता विद्युत् वितरणतर्फका नौ सबस्टेशन सञ्चालनमा

काठमाडौं, १५ फागुन/रासस

नेपाल विद्युत् प्राधिकरणले चालू आर्थिक वर्षको साउनयता विद्युत् वितरणतर्फका नौवटा सबस्टेशन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याएको छ।

प्राधिकरणले विद्युत् ग्रिड सबस्टेशनबाट वितरण सबस्टेशनसम्म विद्युत् पुऱ्याउन र वितरण सबस्टेशनबाट उपभोक्तासम्म विद्युत् पुऱ्याउन ३३ तथा ११ किलो भोल्ट (केभी) र ४०० भोल्टका प्रसारण लाइन पनि निर्माण गरी सञ्चालनमा ल्याएको छ। साथै, वितरण ट्रान्सफर्मर पनि जडान गरिएको छ।

साउनदेखि हालसम्म वितरणतर्फका ३३/११ केभी क्षमताका नौवटा वितरण सबस्टेशन निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको हो। यसबाट सबस्टेशन निर्माण क्षेत्रको विद्युत् आपूर्तिमा सुधार हुनुका साथै चुहावट पनि घटेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले उपभोक्तालाई भरपर्दो, गुणस्तरीय, पर्याप्त र सुरक्षित विद्युत् उपलब्ध गराउन देशभरि नै वितरणतर्फका प्रसारण लाइन र सबस्टेशन निर्माण अभियानकै रूपमा चलिरहेको बताए।

"विद्युत् नपुगेका ठाउँमा विद्युतीकरण गर्न र पुगेका ठाउँको आपूर्तिलाई सुधार गर्न वितरण प्रणालीको विस्तार र सुदृढीकरण व्यापकरूपमा गरिरहेका छौं," कार्यकारी निर्देशक घिसिङले भने, "सङ्घीय राजधानी काठमाडौं उपत्यकासहित देशका प्रमुख शहरहरू तथा औद्योगिक क्षेत्रमा विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय र भविष्यमा बढ्ने मागलाई सन् २०५० को समयमीमा निर्धारण गरी उच्चस्तरको भरपर्दो र विश्वसनीय विद्युतीय भार बोक्न सक्ने प्रसारण र वितरणतर्फका लाइन र सबस्टेशनहरू चरणबद्धरूपमा निर्माण अगाडि बढाइसकेका छौं।"

घिसिङले यसका लागि अहिले सञ्चालनमा रहेका प्रसारण तथा वितरण लाइन र सबस्टेशनको स्तरोन्नति तथा सुदृढीकरण र नयाँ प्रसारण लाइन र सबस्टेशनको निर्माण शुरू गरिएको बताए।

प्राधिकरणले इलामको पश्चिम क्षेत्र र पाँचथरमा विद्युत् आपूर्तिका लागि ३३/११ केभीको चीसापानी सबस्टेशन, मकवानपुरको बाग्मती तथा बकैया गाउँपालिकामा विद्युत् आपूर्तिका लागि छतिवन सबस्टेशन, म्याग्दीको मङ्गला, मालिका तथा धौलागिरि गाउँपालिकामा विद्युत् आपूर्तिका लागि दरबाङ सबस्टेशन र नवलपरासी (बर्दघाट–सुस्तापूर्व)को बुलिङटार गाउँपालिका क्षेत्रमा विद्युत् आपूर्तिका लागि बोझपोखरी सबस्टेशन निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

नेपाल सरकार तथा प्राधिकरणको लगानी र एशियाली विकास बैंकको सहुलियतपूर्ण वितरण प्रणाली सुदृढीकरण तथा विस्तार आयोजनामार्फत सबस्टेशन निर्माण गरिएको हो। आयोजना अन्तर्गत देशभरि २५ वटा नयाँ सबस्टेशनको निर्माण र १२ वटा सबस्टेशनको स्तरोन्नति तथा वितरण सञ्जाल निर्माणअगाडि बढाइएको थियो। कुल २५ वटा सबस्टेशनमध्ये पाँचवटाको निर्माण अन्तिम चरणमा छ भने सबस्टेशनहरूको स्तरोन्नति सम्पन्न भइसकेको छ।

विश्व बैंकको ग्रिड सोलार तथा ऊर्जा दक्षता परियोजनामार्फत प्राप्त सहुलियतपूर्ण ऋणमा मकवानपुरको मनहरी, सिन्धुलीको दुधौली, दोलखाको नाम्दु ललितपुरको उनिचौरमा वितरणतर्फको ३३/११ केभी सबस्टेशन निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

त्यस्तै, विश्व बैंककै सहुलितपूर्ण ऋणमा रामछापको बाम्तीमा वितरण सबस्टेशन निर्माण गरिएको छ। उक्त सबस्टेशनहरूसम्म पुग्ने ३३ केभी प्रसारण लाइन र त्यहाँबाट विद्युत् आपूर्तिका लागि लाइनहरू पनि निर्माण गरी सञ्चालनमा ल्याइएको छ।

# प्रभु बैंकका सिनियर डेपुटी सिइओ न्यौपानेसहित दशजना पक्राउ

काठमाडौं, १५ फागुन/रासस

केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले प्रभु बैंकका सिनियर डेपुटी सिइओ मनोज न्यौपानेसहित १० जनालाई पक्राउ गरेको छ।

ऋण अपचलन गरेको अभियोगमा न्यौपानेसहित १० जनालाई मङ्गलवार पक्राउ गरिएको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रवक्ता तथा प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए।

"१० जनालाई नियन्त्रणमा लिएका छौं," उनले भने, "अहिले छानबीन जारी छ। छानबीन सकिएपछि सबैको नाम सार्वजनिक गर्छौं।"

# औषधि उद्योगले मुलुकलाई आत्मनिर्भरतातर्फ डोऱ्याउँदै

काठमाडौं, १५ फागुन/रासस

नेपाल औषधिमा आत्मनिर्भरतातर्फ अग्रसर उन्मुख देखिन थालेको छ । ३० वर्षअगाडि नेपाली बजारमा नगन्यरूपमा नेपाली औषधि देखिन्थ्यो भने अहिले त्यो बढेर गएको छ । यसले गर्दा मुलुकको औषधि बजारमा नेपाली औषधिले ५० प्रतिशतको हाराहारीमा हिस्सा पुग्न थालेको छ ।

आजभन्दा २० वर्षपहिले १० प्रतिशत मात्र हिस्सा ओगेटेको नेपाली औषधि अहिले करीब ५० प्रतिशतमा हाराहारीमा पुग्न थालेको नेपाल औषधि उत्पादक सङ्घ (एपोन)का अध्यक्ष महेश प्रधानले बताए। उनले हरेक वर्ष औषधिको बजार हिस्सा बढ्दै गइरहेको बताए । अहिले नेपाली बजारमा रु ९० अर्बको औषधि कारोबार हुने गरेको छ। त्यसमध्ये ३४ अर्ब नेपाली औषधिको खपत हुने गरेको छ। औषधि व्यवस्था विभागमा नेपाली औषधि उद्योग ८६ वटा आधुनिक उद्योग र ५५ वटा आयुर्वेदिक उद्योग दर्ता रहेका छन् ।

नेपालमा २०१८ सालदेखि पशु निदान प्रयोगशालाले गौगोटीको खोप उत्पादन गरेसँगै औषधि उत्पादन शुरू भएको हो। २०२७ सालमा पशु तथा मानव प्रयोगका लागि रेबिज खोपको उत्पादन भएको हो। रासायनिक औषधिको हकमा २०२६ सालमा केमिङ स्थापना, २०३० सालमा शाही औषधिको स्थापना, २०३५ सालमा औषधि ऐन र २०३६ सालमा औषधि व्यवस्था विभागको स्थापना भएपछि २०४६ सालपछि बल्ल औषधि उद्योगको विकास भएको हो ।

नेपाली औषधि उद्योगले उत्पादन गर्ने सात सयदेखि ७५० प्रकारका मोलिक्युलको हकमा नेपाली औषधि उद्योगको बजार हिस्सा ७० प्रतिशत रहेको छ। ती मोलिक्युलबाट साढे पाँच हजार प्रकार औषधि उत्पादन हुन्छन् तर समग्र औषधिको हिसाब गर्ने हो भने करीब ५० प्रतिशतको हाराहारी नेपाली औषधि देखिएको र बिस्तारै मुलुकलाई औषधिमा आत्मनिर्भर बनाउन थालिएको बताउँछन्, एपोनका उपाध्यक्ष सन्तोष बराल । "आजभन्दा २० वर्षअघि नेपाली औषधि बजारमा १० प्रतिशत मात्र हिस्सा रहेको थियो," उनले भने, "अहिले हामीले आफ्नै मिहेनत, लगानीमा औषधि उद्योगलाई आत्मनिर्भर बनाउन थालेका छौं ।"

यता सरकारी तवरबाट नेपाल औषधि लिमिटेडले पनि औषधि उत्पादन गर्ने गरेको छ। लिमिटेडका महाप्रबन्धक कैलाशकुमार पनेरुले अहिले आठ प्रकारमा मात्र औषधि उत्पादन हुने गरेको बताउँछन् । "पहिले १४० प्रकारसम्मका औषधि हामीले उत्पादन गर्ने गरेका थियौं। लिमिटेड चार वर्ष बन्द पनि भयो," उनले भने, " अहिले आठ प्रकारका औषधिमा खुम्चिनुपरेको छ ।" सरकारलाई मात्र औषधि उपलब्ध गराउँदै आएको लिमिटेडले उत्पादन गरेका सिटामोल र जीवनजलमा घाटा बेहोरिरहेको उनले बताए ।

**पूर्ण मात्रामा मेशीन सञ्चालन छैनन्**

नेपाली औषधि उद्योगका मेशीन पूर्णरूपमा सञ्चालनमा आएका छैनन् । केही औषधि उद्योगले ८० प्रतिशत मेशीन सञ्चालन गरिरहेका छन् । मुलुकका लागि ७० देखि ८० प्रतिशत औषधि उत्पादन गर्ने क्षमता भएपनि सरकारले नेपाली औषधि खरीद नगर्दा ती उद्योग पूर्णरूपमा सञ्चालनमा आउन नसकेको एपोनका अध्यक्ष प्रधान बताउँछन् । "नेपालमा ३० देखि ३५ प्रतिशत मात्र सञ्चालन भएका उद्योग पनि रहेका छन्," उनले भने, "उद्योग पूर्णरूपमा सञ्चालन नहुँदा पर्याप्त मात्रामा औषधि उत्पादन हुन सकेको छैन ।"

राज्यले मुलुकमा रहेका नेपाली औषधि उद्योगलाई पूर्णरूपमा सञ्चालन गर्न बढावा दिनुपर्ने आवश्यकता रहेको उनको भनाइ छ । "जतिजति नेपाली उद्योगबाट औषधि उत्पादन गर्न सक्यो। त्यति नै हामी लगानी, उपकरण, जनशक्ति र भवनको प्रयोग त्यति नै हुन्छ । त्यसको प्रभाव प्रत्यक्ष/अप्रत्यक्ष गरी मुलुकको आर्थिक अवस्थामा पर्छ," उनी भन्छन् ।

**नेपाली औषधि सरकारले किन्नुपऱ्यो**

एपोनले सरकारले सरकारी अस्पतालमा प्रयोग हुने औषधि नेपालमा नै उत्पादन गरेको किनिदिनुपर्ने बताउँछन्। केन्द्र, प्रदेश र स्थानीय तहलगायत सरकारी अस्पताल, नेपाली सेना, नेपाल प्रहरी अस्पतालले मात्र नेपालमा उत्पादन भएका औषधि किन्ने हो भने पनि नेपाली उद्योग फस्टाउने सङ्घका अध्यक्ष प्रधान बताउँछन् ।

"सरकारले हामीले उत्पादन गरेका र उत्पादन गर्न सक्ने औषधि किनिदिनुपऱ्यो। हामी मुलुकमा औषधि अभाव नहुने गरी जति पनि औषधि उत्पादन गर्छौं," उनले भने, "त्यसपछि सरकारले पनि बाहिरबाट आयात हुने औषधिलाई बन्द गर्नुपर्छ, स्वदेशी औषधि उद्योगले उत्पादन गरेका औषधि बाहिरबाट नल्यादिनुहोस् ।"

औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकालले नेपाली औषधि उद्योगले उत्पादन गरेका औषधि सरकारले प्रतिस्पर्धाको आधारमा खरीद गर्नुपर्ने बताउँछन् । "सरकारले स्वास्थ्य बीमा तथा सरकारी अस्पतालमा खरीद गर्ने औषधिहरू नेपाली उद्योगले उत्पादन गरेका औषधिहरू स्वदेशी प्रतिस्पर्धामा खरीद गर्नुपर्छ," उनले भने, "सरकारले नेपाली औषधि खरीद गर्ने हो भने नेपाली औषधिको बजार हिस्सा बढ्छ । औषधि उद्योगले मुलुकलाई औषधिमा आत्मनिर्भर बनाउँछ ।"

विभागका महानिर्देशक ढकालले नेपाली औषधि अहिले बजारमा पहिलेको तुलनामा बढी पाइने गरेको बताए। "मैले थाहा पाउँदासम्म नेपाली उद्योगको बजार हिस्सा १० प्रतिशतभन्दा कम रहेको थियो," उनले भने, "आजकाल नेपाली औषधिहरू बजारमा देखिन्छन् । हामी औषधिपसलको अनुगमन गर्न जाँदा नेपाली औषधि पनि पर्याप्त मात्रामा देखिन थालेका छन् ।"

उनले अहिलेको औषधि उद्योगका क्षमताले ७० देखि ८० प्रतिशत नेपालकै औषधिले नेपाली बजारमा आपूर्ति गर्ने सक्ने क्षमता भएपनि सरकारले आवश्यक सहयोग गर्न नसक्दा क्षमता ३० देखि ४० प्रतिशतमा मात्र सीमित रहेको बताए । उनले सरकारको खरीद गर्ने प्रक्रिया खुला रहेको कारण नेपाली औषधिले विदेशी औषधिसँग प्रतिस्पर्धा गर्न नसकेको बताए ।

"सरकारको प्रतिस्पर्धाका आधारमा औषधि खुला खरीद गर्ने प्रक्रियामा जुन सस्तो छ, त्यही औषधि सरकारले किन्ने गर्छ । विदेशी उद्योगले हामीभन्दा सस्तो दरमा सरकारलाई औषधि उपलब्ध गराउँछन्," उनले भने, "नेपाली औषधिले विदेशी औषधिसँग प्रतिस्पर्धा गर्न सक्दैन। अनि नेपाली औषधिले उत्पादन गरेका औषधि बिक्दैनन् र क्षमता अनुसार उत्पादन गर्न सकेका छैनन् ।" उद्योगीलाई राजस्व, बैंकको ऋणमा ब्याजदर र अध्ययन तथा अनुसन्धानमा सहुलियत दिनुपर्ने उनको भनाइ छ ।

यस्तै, सरकारले छरिएर खोलिएका उद्योगलाई निश्चित क्षेत्रमा सरकारले जग्गा, पानी, बाटो, बिजुली पुऱ्याएर विशेष आर्थिक क्षेत्र (सेज) जस्तै राख्नुपर्ने सुझाव दिन्छन् । महानिर्देशक ढकालले सरकारले औषधि उद्योगका लागि आवश्यक पर्ने प्रविधि हस्तान्तरणदेखि नयाँ–नयाँ प्रविधि भित्र्याउनका लागि सहयोग गर्नुपर्ने भनाइ राखे । "सरकार औषधिको लागि चाहिने नयाँ नयाँ प्रविधि ल्याउन र उद्योगको विकासमा खासै ध्यान दिएको देखिएको छैन," उनले भने, "फर्मा पढाइ हुने कलेजमा औषधिसम्बन्धी अनुसन्धान र नवीनतम खालका कार्यक्रम गर्न सकिएमा नेपाली औषधिको क्षमता र औषधिको उत्पादन बढ्छ ।"

**सामान खालको औषधि उत्पादन**

नेपाली औषधि उद्योगले सामान खालका औषधि उत्पादन गरिरहेको पाइएको छ । विभिन्न उद्योग कम्पनीले एकै किसिमका औषधि उत्पादन गर्ने गरेको विभागका महानिर्देशक ढकालले बताए। "धेरैजसो कम्पनीले उस्तै खालका औषधि उत्पादन गरिरहेका छन्। सामान खालका औषधि उत्पादन गर्ने प्रतिस्पर्धा रहेको छ," उनले भने ।

एपोनका उपाध्यक्ष बरालले पनि उद्योगले प्रायःजसो एकै खालका औषधि उत्पादन गरेको स्वीकार गर्छन् । सरकारले नीति बनाएर एकै खालका उत्पादन हुने औषधि उत्पादन गर्न नदिने नीति लिएको खण्डमा भएका उद्योगको उत्पादन पनि बढ्ने र बजारमा अनावश्यक एकै किसिमका औषधिमा प्रतिस्पर्धा नहुने उनको भनाइ छ ।

**भएन मूल्य समायोजन**

एपोनका उपाध्यक्ष बरालले १६ वर्षदेखि औषधिको मूल्य समायोजन नभएको बताए । २०६२ सालमा पहिलोपटक र २०७२ सालमा दोस्रोपटक मूल्य समायोजन भएपनि औषधिको मूल्य समयानुकूल परिमार्जन हुन सकेको छैन ।

उद्योगलाई चलायमान गराउन र मुलुकलाई नेपाली औषधिले सेवा गर्न मौका दिन कम्तीमा पनि वर्षको एकपटक औषधिको मूल्य समायानुकूल परिमार्जन गर्नुपर्ने उनी बताउँछन् । "२०६२ सालमा कतिपय औषधिका मूल्य तोकिएका थिए । त्यसपछि औषधिको मूल्य समायोजन गरिएको छैन," उनले भने, "अन्तर्राष्ट्रिय मूल्य अनुसार कच्चा पदार्थको मूल्य बढिरहेको हुन्छ । कर्मचारीको तलब, बैंकको ब्याज पनि बढिरहेको छ । हामी १६ वर्ष पुरानो मूल्यमा औषधि बेच्न सक्दैनौं ।"

भारत संसारमा सस्तो दरमा औषधि बनाउने देश हो तर नेपाली औषधि उद्योगले भारतभन्दा सस्तो दरमा औषधि बेच्नुपर्ने बाध्यता रहेको छ। "सरकारले भारतभन्दा महँगोमा औषधि तिमीहरूले बेच्न पाउँदैनौं भनेर भनोस् र भारतको भन्दा सस्तो नहुने गरी मूल्य समायोजन गरोस्। त्योभन्दा ठूलो नेपाली औषधिका लागि राष्ट्रले केही सोच्नुपर्दैन," एपोनका अध्यक्ष प्रधानले भने ।

विभागका महानिर्देशक ढकालले अन्तर्राष्ट्रियरूपमा बजार अनुसार नेपाली औषधिको मूल्य पनि समायोजन हुनुपर्ने बताए ।

**चार अर्बले घट्यो कारोबार**

औषधि उद्योगीहरू कोभिड–१९ महामारीलगत्तै देशको अर्थतन्त्रमा देखिएको सङ्कट र यही समयमा सरकारले उद्योगीका लागि लिएको गलत नीतिका कारण कारोबार घट्दै गएको एपोनका उपाध्यक्ष बरालको भनाइ छ। आर्थिक वर्ष २०७८/७९ नेपालमा नेपाली उद्योगीहरूको झन्डै रु ३४ अर्बको औषधिको कारोबार भएको थियो। तर आव २०७९/८० मा रु २९ अर्ब ३६ करोड मात्र कारोबार भएको उनले बताए।

विगतमा औषधि उद्योगीले वर्किङ क्यापिटल लोन टर्न ओभरको ८० प्रतिशतसम्म पाउने गर्दथ्यो तर अहिले नेपाल राष्ट्र बैंकले नयाँ नियम ल्याएर ५० प्रतिशत मात्र दिने व्यवस्था गर्दा औषधि उद्योगलाई समस्या परेको उनको भनाइ छ । "सरकारले नेपाली उत्पादकलाई सहयोग नगर्दा देशमा नेपाली औषधिको बजार हिस्सा क्रमशः गुम्दै विदेशीको बजार बढ्दै गएको देखिन्छ," उनले भने, "सरकारले हाम्रा उद्योग सञ्चालनका लागि सहयोग नगर्ने हो भने हामी उद्योग सञ्चालन गर्न सक्दैनौं ।"

एपोनका अनुसार १० वटा औषधि उद्योग बन्द भएका छन्। "भएका उद्योग पनि पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन् । यसको प्रमुख कारण एकै प्रकारका औषधि धेरै उद्योगले उत्पादन गर्नु र विदेशबाट पनि नेपाली औषधि उद्योगले उत्पादन गर्ने औषधि आयात हुनु हो," एपोनका उपाध्यक्ष बरालले भने ।



**सोलु करिडोरः** सोलुखुम्बुको तिङ्लास्थित सोलु करिडोर १३२ केभी प्रसारण लाइन। यस करिडोरबाट जिल्लामा उत्पादित करीब ४० मेगावाट विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ। तस्बिरः सुवास दर्नाल/रासस

## फरक समाचार

### युवकले बडी बनाउन सिक्का र चुम्बक निल्यो

भारत, दिल्लीमा बस्ने २६ वर्षीय एकजना युवकको पेटबाट ३९ वटा सिक्का र ३७ वटा चुम्बक भेटिएको छ। सिजोफ्रेनिया नामक मानसिक रोगबाट पीडित त्यस युवकको सर गङ्गाराम अस्पतालका चिकित्सकले सिक्का र चुम्बक निकालेका थिए ।

सिजोफ्रेनिया नामक मानसिक रोगमा रोगीले सोचविचार गर्ने र महसूस गर्ने






शक्ति नकारात्मकरूपले प्रभावित हुन्छ। चिकित्सकका अनुसार युवकले २०–२२ दिनदेखि आफ्नो शरीर राम्रो बनोस् भनेर सिक्का र चुम्बक निल्दै आइरहेका थिए। वरिष्ठ सल्लाहकार, लेप्रोस्कोपिक, लेजर र सामान्य सर्जरी विज्ञ डा तरुण मित्तलले उनको पेटबाट १, २, ५ का सिक्का ३९ वटा र विभिन्न आकारका चुम्बक निकालेका थिए ।

युवकले २० दिनदेखि बान्ता गर्दै पेट दुखेको गुनासो गरेपछि अभिभावकले अस्पताल ल्याएका थिए । युवकले केही खान सकेका थिएनन्। पेटको एक्स–रे गरेपछि चिकित्सकले सिक्का र चुम्बक आकारका वस्तु रहेको पत्ता लगाए । त्यसपछि उनको सिटी स्क्यान गर्दा ठूलो मात्रामा सिक्का र चुम्बक भेटिए ।

डा मित्तलले भने हामी तुरुन्तै शल्यक्रियाको लागि तयार भयौं । यतिधेरै सिक्का र चुम्बक निकाल्न निकै गाऱ्हो काम थियो। केही चुम्बक र सिक्का उनको छोटो आन्द्रामा पनि थियो । चुम्बकीय प्रभावबाट सानो आन्द्राबाट चुम्बक तानेर निकाल्यौं। त्यसपछि आन्द्रालाई खोलेर अन्य चुम्बक र सिक्का बाहिर निकाल्यौं। शल्यक्रिया गर्न चिकित्सकको टोलीलाई दुई घण्टाभन्दा बढी समय लाग्यो । डा मित्तल, डा आशिष डे, डा अनमोल आहुजा, डा विक्रम सिंह, डा तनुश्री र डा कात्तिकले युवकको पेटबाट सिक्का र चुम्बक निकालेका थिए ।

### क्यान्सरलाई जरैबाट नष्ट गर्ने ट्याबलेट

भारतको टाटा मेमोरियल सेन्टरका चिकित्सकद्वारा तयार गरिएको न्युट्रास्युटिकल थेरेपी क्यान्सर रोगीको लागि वरदानभन्दा कम छैन । यसलाई



तयार गर्ने चिकित्सकको टोलीको भनाइ छ कि यस थेरापीलाई मेटास्टेसिस क्यान्सरको उपचार र यसको जोखिमलाई कम गर्न विकसित गरिएको हो। अनुसन्धानमा एक दशकभन्दा बढी समय लागेको चिकित्सकले जनाएका छन्।

**के हो मेटास्टेसिस क्यान्सरः** यो त्यस अवस्थालाई भनिन्छ, जब क्यान्सरको ज्यानमारा सेल्स शरीरको एउटा अङ्गबाट अर्को अङ्गसम्म फैलिन्छ। तर क्यानेडियन क्यान्सर सोसाइटी अनुसार मेटास्टेसिस क्यान्सर शब्दको प्रयोग साधारणतया केवल हार्ड टचुमर जस्तै स्तन, प्रोस्टेट वा फोक्सोमा हुने क्यान्सरको लागि गरिन्छ ।

**के हो न्युट्रास्युटिकल थेरापीः** अनुसन्धान गर्ने चिकित्सकका अनुसार न्युट्रास्युटिकल एउटा फूड वा फूड सप्लिमेन्ट हो, जसलाई आरसियू भनिन्छ । यसलाई कपर र अङ्गुर तथा बेरिजको बिरुवाबाट तयार गरिन्छ। यसमा एक्स्ट्रा बायोएक्टिभ कम्पाउन्ड र मेडिसिनल प्रापटिज हुन्छ, जुन शरीरको बुनियादी पोषणको अलावा अन्य थुप्रै स्वास्थ्यमा फाइदा पुऱ्याउँछ ।

न्युट्रास्युटिकलको प्रयोग गत केही वर्षदेखि क्यान्सरका रोगीमाथि शुरू गरिएको छ। जसको परिणाम ओरल, ब्लड, ब्रेन र पेटमा हुने क्यान्सरमा राम्रो देखिएको छ ।

अध्ययनको नेतृत्व गर्ने डा इन्द्रनील मित्राले भने हामीले यस अनुसन्धानको दौरान क्यान्सर ट्रिटमेन्ट किमो र रेडियोथेरेपीको जोखिम पनि अगाडि आयो । यद्यपि यो थेरापीले क्यान्सरको प्रारम्भिक टचुमर सेल्सलाई नष्ट गरिदिन्छ। तर यसबाट मर्ने क्यान्सर सेल्स क्रोमैटिन रिलिज गर्ने कारण बन्छ, जसलाई सिएफसिएचपी भनिन्छ । यो रगतको माध्यमबाट शरीरका अन्य भागमा पुगेर क्यान्सरको कारण बन्छ ।

### सुन्दर मातापिताका सन्तानले बढी कमाउँछ

हालै अमेरिकामा भएको अध्ययन अनुसार सुन्दर अभिभावकका सन्तानले सामान्य अभिभावकका सन्तानभन्दा बढी पैसा कमाउने दाबी गरेको छ । अनुसन्धानमा अमेरिका र चीनका व्यक्तिमाथि अध्ययन गरिएको थियो। यसको अलावा संसारभरिका सम्पूर्ण धनीलाई पनि यसमा सामेल गरिएको थियो ।



नेशनल ब्युरो अफ इकोनोमिक रिसर्चले यो अध्ययन गरेको थियो । अध्ययन अनुसार एभरेज लुकिङ फैमिलीका बच्चाभन्दा बढी सुन्दर देखिने मातापिताका सन्तानले बढी पैसा कमाउँछन्। यस अध्ययनको टाइटल 'द इकोनोमिक इम्पैक्ट अफ हेरिटेबल फिजिकल ट्रेट्सः हट पैरेन्ट्स, रिच किड' राखिएको छ। यी बच्चाको आयस्रोत र उनका मातापिताको सुन्दरताबीचको सम्बन्ध अध्ययन गरिएको थियो । अध्ययनमा मातापिताको सुन्दर अनुहारको बनावट नभई अन्यबाट रेटिङ गरी मापन गरिएको थियो। सुन्दर मातापिताको बच्चाको वार्षिक आय एभरेज देखिने व्यक्तिको बच्चाको तुलनामा २३०० अमेरिकी डलरभन्दा बढी हुन्छ । युरो न्यूजलाई अन्तर्वार्ता दिंदै इकोनोमिस्ट डेनियल हमरमेषले भने जमीन, जेथा र मातापिताको बचत बच्चाको लागि पैतृक सम्पत्ति हुन्छ। त्यसै प्रकार मातापिताको सुन्दरता पनि ती बच्चाको लागि पैतृक सम्पत्ति हुन्छ। मातापिताको सुन्दरताले अघिल्लो पीढीको आयलाई बढाउँछ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## २०३५ सम्ममा भारतसँग अन्तरिक्षमा आफ्नो स्टेशन हुनेछ –मोदी

तिरुवनन्तपुरम, १५ फागुन/एएनआई

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले


तस्वीरः एजेन्सी

मङ्गलवार सन् २०३५ सम्म मुलुकसँग आफ्नो अन्तरिक्ष स्टेशन हुने र यसले त्यहाँको अज्ञात विस्तारको अध्ययनमा सहयोग गर्ने बताएका छन् ।

तिरुवनन्तपुरममा विक्रम साराभाइ अन्तरिक्ष केन्द्र (भिएसएससी)मा एक भेलामा उनले भारतीय अन्तरिक्ष यात्री आफ्नै रकेटबाट चन्द्रमाको सतहमा अवतरण हुने बताए ।

"सन् २०३५ सम्ममा भारतसँग अन्तरिक्षमा आफ्नै अन्तरिक्ष स्टेशन हुनेछ, यसले हामीलाई अन्तरिक्षको अज्ञात विस्तारको अध्ययनमा सहयोग गर्नेछ, अमृतकालको यो अवधिमा भारतीय अन्तरिक्ष यात्री हाम्रो आफ्नै रकेटमा चन्द्रमाको सतहमा अवतरण गर्नेछन्," उनले भने ।

प्रधानमन्त्री मोदीले २१औं शताब्दीमा भारत एउटा गतिशील वैश्विक खेलाडीका रूपमा उदाइरहेको बताए । "२१औं शताब्दीको भारतले आज आफ्नो क्षमताबाट विश्वलाई चकित बनाइरहेको छ, विगत १० वर्षमा हामीले करीब चार सय भूउपग्रह प्रक्षेपण गरेका छौं, त्योभन्दा १० वर्षअघि ३३ भूउपग्रह मात्र प्रक्षेपण गरिएको थियो," उनले भने ।

उनले गगनयान मिसनमा प्रयोग गरिएका उपकरण अधिकांश भारतमा बनेकामा खुशी प्रकट गरे । "गगनयानमा प्रयोग गरिएका अधिकांश उपकरण भारतमा बनेको थाहा पाउँदा मलाई अत्यन्त खुशी लागेको छ, यो कस्तो ठूलो संयोग हो कि भारत विश्वको शीर्ष तीन अर्थतन्त्र बन्नका लागि अगाडि बढिरहेको छ, यही समयमा भारतको गगनयान पनि छ, जसले हाम्रो अन्तरिक्ष क्षेत्रलाई नयाँ उचाइमा लैजाँदैछ," उनले भने ।

प्रधानमन्त्री मोदीले सन् २०२४–२५ मा प्रक्षेपण हुने भारतको पहिलो मानव अन्तरिक्ष उडान गगनयान कार्यक्रम योजनाको हिस्सा हुने चार अन्तरिक्ष यात्रीको नाम पनि घोषणा गरे । तिनीहरूमा भारतीय वायुसेनाबाट छानिएका चार पाइलट समूह क्याप्टेन प्रशान्त नायर, समूह क्याप्टेन अजीत कृष्णन, समूह क्याप्टेन अङ्गद प्रताप र विङ कमान्डर शुभांशु शुक्ला छन् । चारै अन्तरिक्ष यात्रीलाई रूसको युरी गागारिन कस्मोनट ट्रेनिङ सेन्टरमा प्रशिक्षित गरिएको थियो । रासस


**ट्रेन्च प्रविधिबाट खेतमा उखु रोप्दै किसानः** कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका– ३ पिपलाडीका किसान ट्रेन्च प्रविधिबाट खेतमा उखु रोप्दै । आधुनिक तरीकाले उखुखेती गरी किसानले मनग्य आम्दानी गरेका छन् ।
तस्वीर : राजेन्द्रप्रसाद पनेरु/रासस

## युक्रेनमा सेना पठाउने कल्पना नगरेको स्वीडेनको भनाइ

स्टकहोम, १५ फागुन/एएफपी

नाटोमा सामेल हुन तयार रहेको स्वीडेनले अहिले नै युक्रेनमा स्थलसेना पठाउने कल्पना नगरेको मङ्गलवार बताएको छ ।

आफ्नो मुलुकले ट्रान्सएट्लान्टिक सैन्य गठबन्धन (नाटो)मा सामेल हुनका लागि अन्तिम अवरोध पार गरेको एक दिनपछि प्रधानमन्त्री उल्फ क्रिस्टरसनले स्वीडिश सार्वजनिक प्रसारक एसभिटीलाई भने, "यो अहिले बिल्कुल सम्भव छैन ।"

पश्चिमी नेताहरूले युक्रेनलाई रूसी आक्रमणकारी सेनालाई परास्त गर्न सहयोग गर्नका लागि स्थलसेना पठाउन अस्वीकार गर्नुहुँदैन भनी फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंले सोमवार दिएको टिप्पणीप्रति प्रधानमन्त्री क्रिस्टरसनले उक्त प्रतिक्रिया दिएका हुन् ।

"अहिले हामी युक्रेनलाई उन्नत सैन्य उपकरण पठाउन व्यस्त छौं," उनले भने । स्टकहोमले युक्रेनलाई सात अर्ब १० करोड क्रोनर (६८ करोड २० लाख अमेरिकी डलर)को रक्षा सहयोग गर्ने फेब्रुअरी २० मा घोषणा गरेको थियो । यसमा तोपखाना गोला, हवाई रक्षा, डुङ्गाहरू, खानीहरू, टर्पेडो र युक्रेनी सेनालाई प्रशिक्षण समावेश छन् ।

किएभले अहिले आफ्नो तेस्रो वर्षमा रूसी आक्रमणविरुद्ध स्वयंलाई बचाउनका लागि आफूसँग हतियारको निकै अभाव भएको बताएको छ ।

पश्चिमी स्थलसेनाका लागि युक्रेनबाट अहिले 'कुनै माग नभएको' प्रधानमन्त्री क्रिस्टरसनले बताए । उनले भिन्न–भिन्न नाटो सदस्यहरूको अन्तर्राष्ट्रिय मामिलामा संलग्न हुने फरक–फरक दृष्टिकोण रहेको भन्दै फ्रान्सेली परम्परा र स्वीडेनी परम्परा समान नभएको बताए ।

स्वीडेनले अन्तर्राष्ट्रिय शान्ति सेनामा योगदान गर्छ तर दुई शताब्दीभन्दा अघि नर्वेसँग भएको युद्धपछि कुनै पनि युद्धमा संलग्न भएको छैन ।

सन् २०२२ फेब्रुअरी २२ मा युक्रेनमाथि रूसको आक्रमणले स्वीडेन र छिमेकी फिनल्यान्डलाई नाटोमा सामेल हुनका लागि आवेदन दिन प्रेरित गऱ्यो । यसबाट असंलग्नताको लामो समयदेखि उसको अडान समाप्त भयो ।

सोमवार हङ्गेरीको संसद्ले स्टकहोमको नाटोमा सामेल हुने प्रस्तावलाई अनुमोदन गरेपछि स्वीडेनले नाटोको ३२औं सदस्य बन्ने आफ्नो अन्तिम अवरोधलाई पार गरेको छ । रासस

## बर्दिबासमा महोत्सवको माहोल

महोत्तरी, १५ फागुन/रासस

यस वर्ष फागुन महीनामा महोत्तरीको बर्दिबासमा महोत्सवको माहोल छ । फागुन पहिलो साता तीन दिने सडक खाना महोत्सव सम्पन्न भएको बर्दिबासमा फागुन चौथो साता आदिवासी जनजाति महोत्सव हुने भएको हो ।

यही फागुन २४ देखि चैत ४ गतेसम्म नेपाल आदिवासी जनजाति महासङ्घ, महोत्तरी जिल्ला समन्वय परिषद्ले चौथो आदिवासी जनजाति महोत्सव आयोजना गर्न लागेको हो । आदिवासी जनजातिको परम्परा, रीतिथिति, संस्कृति र पहिचानको प्रवर्द्धन महोत्सवको मुख्य ध्येय रहेको महासङ्घ जिल्ला समन्वय परिषद्का अध्यक्ष धननारायण श्रेष्ठ बताउँछन् ।

महोत्सवमा जिल्लामा बसोबास गर्दै आएका नौभन्दा बढी आदिवासी जनजाति समुदायले आफ्ना सांस्कृतिक रीतिथिति, भेषभूषा र परम्परागत खाद्य परिकारको परिचय दिनेछन् । यस अवसरमा फरक–फरक समुदायका सांस्कृतिक प्रस्तुति गरिने महासङ्घ जिल्ला समन्वय परिषद्ले जनाएको छ । बर्दिबासमा आयोजना हुने ११ दिने यस महोत्सवमा स्थानीय कृषि उत्पादन, स्थानीय सीपबाट उत्पादित सामग्री र परम्परागत घरपरिवार प्रयोजनका सामग्रीको प्रदर्शनी र बेचबिखनका कक्ष सञ्चालन हुने जनाइएको छ । जिल्लाको हकमा तामाङ, मगर, नेवार, राईसहितका पर्वते र थारू, दनुवार, कुमाल (पर्वते र मधेसी दुवै), धानुक, केवटसहितका आदिवासी जनजातिको महोत्सवमा संयुक्त सहभागिता हुनेछ ।

यस महोत्सवमा परम्परागत परिकार र सांस्कृतिक कार्यक्रमको मज्जा लिन विगतदेखि नै उल्लेख्य सङ्ख्यामा दर्शकको सहभागिता हुँदै आएको छ । सिन्धुली, सर्लाही र धनुषासँग जोडिएको र यातायातको सुगमताले बर्दिबासमा यसपालिको चौथो महोत्सवमा पाँच लाख बढी दर्शक सहभागी हुने महासङ्घले अपेक्षा राखेको छ ।

## अमेरिकाको नजर आगामी सातासम्म इजराइल–हमास युद्धविरामतिर

गाजापट्टी, १५ फागुन/एएफपी

अमेरिकी राष्ट्रपति जो बाइडेनले इजरायल र हमासबीच नयाँ युद्धविराम सोमवारदेखि शुरू हुन सक्ने बताएका छन् । उक्त सम्झौतामा कैयौं सय प्यालेस्टिनी बन्दीको बदलामा गाजामा राखिएका दर्जनौं बन्धकलाई मुक्त गर्न सकिनेछ ।

युद्धविराम गराउने लामो प्रयासमा इजिप्ट, कतार, अमेरिका, फ्रान्स र अन्यले इजरायल र हमासबीच मध्यस्थता गरिरहेका छन् र वार्ता जारी छ । उनीहरूले छ साताका लागि युद्ध रोक्न र गाजामा हमासले अक्टोबर ७ मा दक्षिणी इजरायलमा गरेको आक्रमणले युद्ध शुरू भएपछि बन्दी बनाइएका इजरायली बन्दीहरूको रिहाइको माग गरिरहेका छन् ।

सञ्चारमाध्यमका अनुसार उक्त सम्झौतामा इजरायलले हिरासतमा लिएका कैयौं सय प्यालेस्टिनी बन्दीहरूको रिहाइ पनि सामेल हुन सक्नेछ ।

सोमवार सम्झौता कहिले शुरू हुन सक्छ भनी सोधिएको प्रश्नमा बाइडेनले भने–"अर्को सोमवारसम्म युद्धविराम हुनेछ भन्ने मलाई आशा छ, हामी यसको नजीक छौं, हामीले अहिलेसम्म काम पूरा गरेका छैनौं ।"

एक अज्ञात इजरायली अधिकारीले समाचार साइट येनेटलाई 'दिशा सकारात्मक' रहेको बताएका छन् ।

फ्रान्सेली राष्ट्रपतिका अनुसार कतारका अमीर शेख तमिम बिन हमद अल–थानी मङ्गलवार पेरिस आउँदैछन् । कतारले हमासका नेताहरूलाई आतिथ्यता प्रदान गर्छ र उसले नोभेम्बरमा एक साताको युद्धविराममा सहयोग गरेको थियो ।

कतारका शासकले साँझ ४ बजे (१५०० जिएमटी) एलिसी प्यालेसमा फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंसँग भेट्ने कार्यक्रम रहेको र त्यसपछि राजकीय रात्रिभोज हुने राष्ट्रपति कार्यालयले जनाएको छ ।

आधिकारिक कतार समाचार एजेन्सीका अनुसार शेख तमिमले पहिले दोहामा हमास प्रमुख इस्माइल हानियेहसँग भेट गरे र 'तत्काल र स्थायी युद्धविराम सम्झौतामा पुग्ने उद्देश्यले' प्रयासहरूबारे छलफल गरेका थिए ।

कुनै पनि युद्धविराम सम्झौताले गाजापट्टीको सुदूरदक्षिणमा रफाहमा स्थल आक्रमणमा ढिलाइ गर्ने इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहुले बताएका छन् । यसलाई उनले हमासमाथि 'पूर्ण जीत' हासिल गर्नका लागि आवश्यक रहेको बताएका थिए ।

युद्धको करीब पाँच महीनापछि गाजापट्टीका प्रत्येक अन्य शहरी क्षेत्रमा इजरायली स्थलसेना सक्रिय भएका कारण करीब १४ लाख प्यालेस्टिनीले रफाहमा शरण मागेका छन् ।

सेनाले इजरायलको युद्ध क्याबिनेटलाई रफाहबाट नागरिकहरूलाई निकाल्ने आफ्नो योजना देखाएको नेतान्याहुको कार्यालयले सोमवार बताएको थियो । यद्यपि ती विस्थापित नागरिक कहाँ जान सक्छन् भन्नेबारे कुनै विवरण जारी गरिएको छैन ।

संयुक्त राष्ट्रसङ्घले रफाहमा कुनै पनि स्थल आक्रमणविरुद्ध बारम्बार चेतावनी दिएको छ । सोमवार महासचिव एन्टोनियो गुटेरेसले आक्रमणले सहायता कामको कफिनमा अन्तिम किला ठोक्ने चेतावनी दिएका थिए ।

रफाह छिमेकी इजिप्टमार्फत अत्यावश्यक सहायताका लागि महत्त्वपूर्ण प्रवेशबिन्दु हो । यसलाई गुटेरेसले गाजापट्टीका लागि 'मानवीय सहायता अभियानको मूल' बनाउने बताएका छन् ।

"नागरिकहरूको हत्या गर्ने, घाइते बनाउने, यातना दिने र अपहरण गर्ने हमासको नियतवश कार्यलाई औचित्यपूर्ण भन्न सकिँदैन भने प्यालेस्टिनी जनताको सामूहिक सजायलाई पनि कसैले उचित ठहर गर्न सक्तैन"–गुटेरेसले भने ।

कुनै पनि स्थलगत घुसपैठअघि रफाह पनि इजरायलको हवाई आक्रमणबाट अछूतो बनेको छैन । विस्थापित गाजावासी शरीफ मुअम्मरले शहरमा यस्तै एउटा आक्रमणपछि उनको छोराको शवलाई भग्नावशेषबाट निकालिएको बताए । "यहाँ कोही थिएन, बालबालिका मात्र थिए"–उनले रुँदै भने ।

नेतान्याहुले गाजामा अहिले पनि बन्धकहरूको भाग्य र सरकारविरोधी आन्दोलनबाट बढ्दो सार्वजनिक दबाबको सामना गर्नुपरिरहेको छ । युद्धका कारण इजरायलमा दुईपटक ढिलो भइसकेको नगरपालिका निर्वाचन मङ्गलवार हुँदैछ । निर्वाचनले हमासविरुद्ध इजराइलको झन्डै पाँच महीनाको युद्धमा जनताको मनस्थिति अनुमान लगाउन सकिन्छ । रासस

### तालाबन्दी ...

आह्वान गर्दै समस्याको समाधान गर्न पहल गरेको छ । उच्चस्तरीय समस्या समाधान समिति गठन गरेको छ । तालाबन्दी गर्नेमध्येका प्रजातन्त्रवादी प्राध्यापक सङ्घका सो विश्वविद्यालयका अध्यक्ष गीताराम ढकालले विश्वविद्यालयले बनाएको सम्बन्धनसम्बन्धी कार्यविधिको पालना नभई आफूखुशी सम्बन्धन दिइएको, दरबन्दी स्वीकृत नगरी जनशक्ति नियुक्ति गरिएको र अन्य गलत कामको विरोधसहित आफूहरूले बाध्यतापूर्वक तालाबन्दी गरेको बताए ।

उपकुलपति प्राडा सिंह भने आफूहरूले मापदण्ड र विधिभन्दा बाहिर कुनै काम नगरेको र विधि मिच्न र कथित भागबन्डाका आधारमा लाभ लिन नपाएकाहरूले अनावश्यक विरोध गरेको जिकिर गरे । नेपाल प्रगतिशील प्राध्यापक सङ्घ, मध्यपश्चिम विश्वविद्यालकका अध्यक्ष रामप्रसाद कँडेलले भने, "अवरोधका बीच पूर्वाधार र प्राज्ञिक विकासका साथै करीब ३० वटा नीति र कार्यविधि बन्नु तथा तालीम र अनुसन्धानात्मक काम हुनु सकारात्मक कुरा हुन् ।"

विश्वविद्यालयले पाँच सय रोपनी जग्गामा पाँच तारे होटेल सञ्चालन, कृषि र बायोग्याँस उत्पादन आदिका माध्यमबाट रोजगार सिर्जना गर्न थालेको छ । फूल उत्पादनको हरित घर पनि विश्वविद्यालयले बनाएको छ । कृषि विषयमा अध्ययनरत विद्यार्थी सृष्टि गिरी पढाइसँगै स्वदेशमा रोजगारको अवसर सिर्जना हुनु सुखद विषय भएको बताउँछिन् ।

त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति शिक्षाविद् प्रा केदारभक्त माथेमा र समाजशास्त्री प्रा चैतन्य मिश्रसहितको टोलीले हालै मध्यपश्चिम विश्वविद्यालयको केन्द्रीय कार्यालय, विभिन्न सङ्कायका साथै रामघाटस्थित ग्राजुएट स्कूल अफ एग्रिकल्चर एन्ड फरेस्ट्रीको अवलोकन गरी पदाधिकारीलाई प्रोत्साहन दिएको थियो ।

शिक्षाविद् माथेमाले मध्यपश्चिम विश्वविद्यालयले गरेको प्रगति र सकारात्मक प्रयासले आफू प्रभावित भएको बताए । माथेमाले विश्वविद्यालय र शिक्षा प्रणालीमा दलीय राजनीति हुन नहुने बताउँदै विश्वविद्यालय सञ्चालन गर्न नेतृत्वमा सोच र त्यसको कार्यान्वयन गर्न सक्ने क्षमता हुनुपर्ने जनाए । प्रा मिश्रले मध्यपश्चिम विश्वविद्यालयको वर्तमान नेतृत्वले गरेका प्रयास र सुधारका कार्य सराहनीय रहेको बताउँदै विश्वविद्यालय सुधारका लागि बोर्ड अफ ट्रस्टको व्यवस्था भएमा स्वामित्व र समर्पणभाव सिर्जना हुने विचार राखे ।

सो विश्वविद्यालयमा गत माघ ५ गते पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले भ्रमण गरी कर्णाली बायोडाइभर्सिटी एन्ड क्लाइमेट चेन्ज ल्याब र मोलिक्युलर एन्ड जिनोमिक ल्याब तथा डिजिटल भवनको उद्घाटन गरेका थिए । गत माघ १५ गते शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले ग्राजुएट स्कूल अफ एजुकेशनको प्रशासनिक भवनको उद्घाटन गरेका थिए भने गत पुस ६ गते शिक्षा राज्यमन्त्री प्रमिला कुमारीले भ्रमण गरी शिक्षक–प्राध्यापकसँग अन्तर्क्रिया गरेकी थिइन् ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – अलमल | वृष – कार्यनाश |
| मिथुन – उदरपीडा | कर्कट – विजय |
| सिंह – धनक्षति | कन्या – भाग्योदय |
| तुला – बेचैनी | वृश्चिक – मनोरञ्जन |
| धनु – कर्मप्राप्ति | मकर – राज्यभय |
| कुम्भ – कष्टानुभूति | मीन – नारीसुख |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## छिपहरमाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
भिस्वा, पर्सा
मधेस प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित सूचना मितिः २०८०/११/१६

यस कार्यालयबाट मिति २०८०/१०/०७ गते प्रभात राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाबमोजिम देहायका कार्य गर्नको लागि रीतपूर्वक दर्ता हुन आएका बोलपत्रमध्ये तपसिलबमाजिमको बोलपत्र न्यूनतम मूल्याङ्कन सारभूतरूपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०८०/११/१४ गतेको निर्णयानुसार स्वीकृतको लागि छनोट गरिएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्रसं | ठेक्का नं. | कार्यको विवरण | कबोल रकम (मूअकरसहित) | सारभूतरूपमा प्रभावग्राही फर्मको नाम, ठेगाना |
|---|---|---|---|---|
| १ | 13/CRMO/PAR/NCB/WORKS–2080-81 | (Construction of Birthing Center at Ward No. 4 Tulsibarwa) | रु ४९,९३,५७९/११ | NK Construction, Bhedihari-3, Parsa |

अशोककुमार रौनियार (प्रमुख प्रशासकीय अधिकृत)



वीरगंजको श्रीपुरस्थित गुलाइचीमाई मन्दिरनजीकै दुई दिनअघि एउटा गाई मरेको अवस्थामा अलपत्र छ । स्थानीयले वीरगंज महानगरपालिकामा जानकारी गराउँदा पनि मरेको गाईको व्यवस्थापन गर्न कुनै चासो देखाइएको छैन । तस्वीरः राधेश्याम पटेल

## विष्फोटक पदार्थ प्रोजेक्टाइल हुन सक्ने अनुमान
# थप दुईजनाको मृत्यु, दुईजना पक्राउ

प्रस, निजगढ, १५ फागुन/

निजगढ नगरपालिका–७ स्थित रोहित वर्कशपमा शङ्कास्पद वस्तु काट्ने क्रममा हिजो भएको विष्फोटको घटनामा थप दुईजनाको मृत्यु भएको छ ।

दिउँसो डेढ बजे वयोधा अस्पतालमा नै उपचारको क्रममा मृत्यु भएको थियो । उनी ग्रील व्यवसायी महासङ्घ बाराका अध्यक्ष पनि थिए ।

शङ्कास्पद वस्तु बिक्री गर्ने निजगढ



पक्राउ परेका ट्रकका सहचालक टीकाराम पाखिन । तस्वीरः प्रतीक

मृत्यु हुनेमा भारत गवाईका ३५ वर्षीय राकेश जैसवाल र वीरगंज महानगरपालिका–९ का २० वर्षीय रितु रजत रहेको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय, बाराका अनुसार राकेशको सोमवार राति पौने १० बजे र रितुको मङ्गलवार बिहान साढे सात बजे उपचारको क्रममा वीरगंजस्थित वयोधा अस्पतालमा मृत्यु भएको थियो । घटनामा गम्भीर घाइते वीरगंज महानगरपालिका–९ का ३४ वर्षीय फिरोज देवानको अवस्था चिन्ताजनक छ । हिजो भएको विष्फोटमा घाइते अन्य छजनाको अवस्था भने सामान्य रहेको बारा प्रहरीले जनाएको छ ।

रोहित वर्कशपका सञ्चालक निजगढ नपाका ४५ वर्षीय रेशम मगरको हिजै नपा–९ नदीकाटका २५ वर्षीय टीकाराम पाखिन र खरीदकर्ता कवाडी पसले भारत मोतिहारी निवासी हाल निजगढ नपा–९ शहीद चोकमा व्यापार गर्ने ४० वर्षीय राज भनिने रमेश जैसवाललाई बारा जिल्ला अदालतले आज अनुसन्धानको लागि सात दिनको म्याद थपेको जिप्रका, बाराले जनाएको छ । पाखिन ट्रकका सहचालक हुन् ।

घटनाको अनुसन्धान क्रममा हाल नम्बर खुल्न नसकेको कबाडी सामान ओसारपोसार गर्ने ट्रकका सहचालक अन्दाजी २५ वर्षीय टीकाराम पाखिन र निजकी पत्नी शर्मिला थिङलाई सोमवार अबेर राति इलाका प्रहरी कार्यालय, निजगढका प्रहरी निरीक्षक घनश्याम श्रेष्ठ नेतृत्वको टोलीले घरबाट पक्राउ गरेको थियो । उनीहरूले राज भनिने रमेश जैसवालको कबाडी पसलमा अन्य फलामे कबाडी सामानसँगै ८–१० किलोग्रामको वजनदार शङ्कास्पद वस्तु बिक्री गरेको खुलेको थियो । सो शङ्कास्पद वस्तुसहित छ हजार दुई सय रुपैयाँमा उनीहरूले कबाडी सामान बिक्री गरेको खुलेको छ ।

सहचालक पाखिनले आफूलाई पैसाको खाँचो भएको र ट्रक चालक छिमेकी वासु तामाङलाई भनेको र उनले घरमा रहेको कबाडी सामानहरू बिक्री गर्न सुझाएका र तामाङकी पत्नी माया तामाङसँग सो कबाडी सामान बिक्री गरेको बताएका छन् । सोही कबाडमा उक्त शङ्कास्पद वस्तु पनि रहेको बुझिन आएको छ । सहचालक पाखिनले दुई साताअघि धनुषाको धारापानीबाट ट्रकमा आएको कबाडका सामानमा सो शङ्कास्पद वस्तु पनि रहेको बताएका छन् । उनले अरू कबाडका सामान बिक्री गरे पनि पित्तलको सामान देखेर बढी पैसा आउने लोभमा चालक वासु तामाङको घरमा राखेको र सोही सामान बिक्री गरेको बताएका छन् । टीकाराम र निजकी पत्नी शर्मिलाले उक्त पित्तलको सामान अटोमा राखेर बिक्रीका लागि आफूहरू मोटरसाइकलमा पछिपछि गएको सिसिटिभीबाट देखिएको छ । शङ्कास्पद पित्तल ग्रेडरले काट्ने क्रममा विष्फोट भएको थियो । विष्फोटपछि कबाड पसले जैसवालकी पत्नी एम्बुलेन्समा चढेर भागेकी र निजलाई कलैया अस्पतालबाट हिजो दिउँसो प्रहरीले पक्राउ गरेको थियो ।

घटनास्थलको निरीक्षण गर्न आएका सुरक्षा अधिकारीहरूले विष्फोट भएको वस्तु प्रोजेक्टाइल हुन सक्ने अनुमान गरेको छ र घटनास्थलमा भेटिएका अवशेष सङ्कलन गरी विधि विज्ञान प्रयोगशाला काठमाडौं पठाएको छ ।


## वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरू

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं ।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हडतालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौः**

- आफूखुशी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागीदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट वञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं ।
- कुनै समस्या परे नजीकको नेपाली दूतावास, सरकारी निकाय, सङ्घ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| जानकारीमा आएन | | | | |

## विद्यालयलाई खानेपानी टङ्की हस्तान्तरण

प्रस, वीरगंज, १५ फागुन/

उपकार सेवा नेपालले वीरगंज महानगरपालिका–३२ टेढास्थित मन मिश्र आधारभूत विद्यालयमा स्टीलको खानेपानी टङ्की र धारा जडान गरेको छ ।

संस्थाकी अध्यक्ष विद्यादेवी सरावगीले मङ्गलवार विद्यालयमा जडान गरिएको टङ्की र धारा प्रधानाध्यापक राजाराम साहलाई हस्तान्तरण गरेकी थिइन् । विद्यालयमा ६३८ जना विद्यार्थी अध्ययन गर्दै आएका तर खानेपानीको उचित व्यवस्था नभएको थाहा पाएर उपकार सेवा नेपालले रु २८ हजारको लागतमा स्टीलको टङ्की र धारा जडान गरिदिएको सामाजिक कार्यकता प्रकाश थारूले बताए । कार्यक्रममा संस्थाका सुमन बगेडिया, आकुर शर्मा, शिक्षक मदनमोहन पञ्जियार, जयमङ्गल सिंहलगायतको सहभागिता थियो ।

# खेलकूदको संसार

## जगरनाथपुरमा दोस्रो राष्ट्रपति शिल्ड सम्पन्न

प्रस, सेढवा, १५ फागुन/

जगरनाथपुर गाउँपालिकाले आयोजना गरेको दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता–२०८० मङ्गलवार सम्पन्न भएको छ । प्रतियोगितामा नेरामावि, मसिहानी प्रथम भएको छ भने नेरामावि, जगरनाथपुर दोस्रो र नेरामावि, सन्ठीले तृतीय स्थान हासिल गरेको छ ।

जगरनाथपुर गापा–५ मदुवाहा खेलमैदानमा भएको प्रतियोगितामा आज विजयी विद्यालयका विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको छ ।

वडाध्यक्ष बिहारी महतो नुनियाको अध्यक्षतामा भएको कार्यक्रममा गापा अध्यक्ष श्रीकान्त यादव, उपाध्यक्ष बबितासिंह क्षत्री, प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्दन राय, शिक्षा समितिका सदस्य रामायण यादव, प्रअ रामनरेश कोइरी, बादशाह साह, धुरेन्द्र पटेललगायतले मन्तव्य राखेका थिए ।

प्रतियोगितामा प्राथमिक, निम्न माध्यमिक तथा माध्यमिक तहका छात्रछात्राहरूबीच हाइजम्प, लङजम्प, १००, २००, ४०० र ८०० मिटरको दौड, शटपुट, ज्याभलिङ थ्रो र कबड्डी खेल खेलाइएको थियो ।

## अल्पाइन कपः बिपिसी र नेशनल सेमिफाइनलमा

प्रस, वीरगंज, १५ फागुन/

अल्पाइन अन्तरकलेज टी–२० कप क्रिकेट प्रतियोगिता अन्तर्गत मङ्गलवार क्वाटरफाइनल चरणका दुई अन्तिम खेल सम्पन्न भएका छन् ।

पहिलो क्वाटरफाइलन खेलमा वीरगंज पब्लिक कलेज ले डेसिमल कलेजलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश पाएको छ भने दोस्रो खेलमा नेशनल इन्फोटेकले श्रीदुर्गा कलेजलाई पराजित गर्दै सेमिफाइनमा प्रवेश गरेको छ ।

पहिलो खेलमा वीरगंज पब्लिक कलेजले ब्याटिङ गर्दै १८.३ ओभरमा सबै विकेट गुमाएर १२४ रन बनाएको थियो । प्रतिउत्तरमा डेसिमल कलेज १९.३ ओभरमा सबै विकेट गुमाएर ११९ रन मात्र बनाउन सक्यो । यस खेलको 'म्यान अफ दी म्याच' वसिम अलि मन्सुर घोषित भए ।

दोस्रो खेलमा नेशनल इन्फोटेकले श्रीदुर्गा कलेजलाई सात विकेटअन्तरले पराजित गऱ्यो । ब्याटिङ गरेको श्रीदुर्गा ९.२ ओभरमा सबै विकेट गुमाएर ३४ रनमा सीमित भएको थियो । यो लक्ष्यलाई नेशनलले ४.३ ओभरमा तीन विकेटको नोक्सानीमा पूरा गर्दै विजयी भयो ।

## नेपाल नामिबियासँग पराजित

काठमाडौं, १५ फागुन/रासस

त्रिकोणात्मक अन्तर्राष्ट्रिय टी–२० शृङ्खलाको पहिलो खेलमा नेपाल नामिबियासँग २० रनले पराजित भएको छ ।




जीतका लागि नामिबियाले प्रस्तुत गरेको २०७ रनको लक्ष्य पछ्याउने क्रममा नेपाल १८ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १८६ रनमा समेटियो । सुरुआती ब्याटिङ कमजोर रहेको नेपालले मध्यक्रममा भने केही सम्हालिएर ब्याटिङ गरे पनि जीत निकाल्न भने सकेन ।

नेपालका लागि दीपेन्द्रसिंह ऐरीले ३२ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक ४८ रन बनाए । त्यसैगरी, कप्तान रोहितकुमार पौडेलले ४२ रन बनाए । उनले तीन चौका र तीन छक्का प्रहार गरे ।

तेस्रो विकेटका लागि कप्तान पौडेल र कुशल मल्लले २८ बलमा ५७ रनको उत्कृष्ट साझेदारी गरेका थिए । मल्लले ३२ रन बनाए । त्यस्तै, गुलशन झाले १२ रन बनाए भने आसिफ शेख र विवेक यादवले समान छ/छ रन जोडे । सन्दीप जोराले पाँच रन बनाए ।

नामिबियाका रुबेन ट्रम्पलम्यानले चार विकेट लिए भने बर्नार्ड स्कोल्ज, निकोल लोफटी इटन र जान फ्रिलिङकले समान दुई/दुई विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ राजेको नामिबियाले निर्धारित २० ओभरमा चार विकेट गुमाउँदै २०६ रनको योगफल बनाएको थियो ।

नामिबियाका लागि जान निकोल लेफिट इटनले उत्कृष्ट ब्याटिङ गर्दै शतक प्रहार गरे । उनले ३६ बलमा ११ चौका र आठ छक्काको मदतमा सर्वाधिक १०१ रनको योगदान दिए ।

इटनले नेपालका कुशल मल्लको नाममा रहेको कीर्तिमानी पनि तोडेका छन् । उनले ३३ बलमै शतक पूरा गरे । यसअघि मल्लले सन् २०२३ मा भएको १९औं एशियाली खेलकूद प्रतियोगितामा मङ्गोलियाविरुद्धको खेलमा ३४ बलमा शतक प्रहार गर्दै कीर्तिमानी कायम गरेका थिए ।

त्यसैगरी, मलना क्रुगरले ४८ बलमा छ चौका र दुई छक्काको मदतमा अविजित ५९ रन बनाए । त्यस्तै, माइकल भान लिङ्गेनले २० रन बनाउँदा जेपी कोट्जेले ११ रन तथा कप्तान जेजे स्मितले अविजित एक रन जोडे ।

बलिङतर्फ नेपालका कप्तान रोहित पौडेलले दुई विकेट लिए भने करण केसी र अविनाश बोहोराले समान एक/एक विकेट लिए । जारी प्रतियोगितामा भोलि नेपाल र नेदरल्याण्ड्सबीच बिहान ११:३० बजे प्रतिस्पर्धा हुनेछ ।

## जाउलाखेल राष्ट्रिय पुरुष फूटलब प्रतियोगिताको सेमिफाइनल

काठमाडौं, १५ फागुन/रासस

राजधानीमा जारी केपी ओली कप राष्ट्रिय पुरुष फूटबल प्रतियोगितामा जाउलाखेल युथ क्लबले आयोजक केपी ओली एफसीलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ ।




सातदोबाटोस्थित एन्फा कम्प्लेक्स मैदानमा मङ्गलवार भएको खेलमा जाउलाखेलले केपी ओली एफसीलाई २–१ गोलअन्तरले पराजित गऱ्यो । उसको जीतमा निराजन धामी र नीरज चौधरीले समान एक/एक गोल गरे । खेलको ३९औं मिनेटमा जावलाखेलका नीराजन धामीले गोल गर्दै टोलीलाई पहिलो अग्रता दिलाए । त्यस्तै, खेलको ८२औं मिनेटमा जावलाखेलले अग्रता दोब्बर बनायो ।

खेलको ८४औं मिनेटमा केपी ओली एफसीका अडामा गोम्बियाकेले एक गोल गरे । त्यसपछि खेलमा कुनै गोल हुन सकेन र जाउलाखेल विजयी भयो ।

जावलाखेलले सेमिफाइनलमा (एनआरटी) त्यूरोड टिमविरुद्ध खेल्नेछ । सेमिफाइनल यही फागुन १७ त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा हुनेछ । फागुन १९ गतेसम्म सञ्चालन हुने प्रतियोगिताको विजेता टोलीले रु ११ लाख तथा उपविजेताले रु पाँच लाख पाउनेछ ।